स्टिल र आल्मुनियममा ५० प्रतिशत कर वृद्धि... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक १२ • २०८२ साल जेठ १८ गते आइतबार (1 June, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रदेश सभाको बैठक अवरुद्ध गरिने




**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशको बजेट अधिवेशनको पहिलो दिन नै अवरुद्ध हुने भएकोछ ।प्रदेश प्रमुखले जेठ २१ गते प्रदेश सभाको बैठक आह्वान गरेकी छन् ।

तर विपक्षी दलहरुले भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादव लगायतले योजना बिक्री गरेको छानबिन गर्न प्रदेश सभामुखले संसदीय छानबिन समिति गठन नगरेकाले बैठक चल्न नदिने निर्णय गरेका छन् ।

गत चैत २६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने कार्यक्रम बहिष्कार गर्ने अडान विपक्षी दलहरुले लिएपछि सभामुख रामचन्द्र मण्डलले मन्त्री यादवलाई बोल्न दिने र संसदीय छानबिन समिति गठन गर्ने सर्वदलीय सहमति गराएका थिए ।

सहमति अनुसार संसदमा मन्त्री यादवले सबै भन्दा बढी योजनाको पत्र कांग्रेसले लगेको बताउँदै एमाले, जसपा नेपाल, जनमत पार्टी, माओवादी लगायतका दलहरुले लगेको पत्रबारे सार्वजनिक गरेका थिए ।

प्रधानमन्त्रीको सम्बोधनमा विपक्षी दलहरु संसदमा उपस्थित थिए ।तर सभामुख मण्डलले समिति गठन गर्न संसदमा रुलिंग गरेपनि हाल सम्म गठन गरेका छैनन् ।

विपक्षी दलहरुले समिति गठन र बजेटमा उपभोक्ता समितिको प्रावधान पूर्ण रुपमा हटाउनुपर्ने माग लिएर संसद अवरुद्ध गर्ने भएका छन् ।

प्रतिपक्षी दल नेकपा माओवादीका नेता भरत साहले चैत महिनामा भएको सम्झौताको कार्यान्वयन नगराएर सभामुख आफ्नो दायित्वबाट पन्छिएको आरोप लगाएका छन् ।'सभामुख निर्णयबाट पछि हटे पनि हाम्रो माग अनुसार संसदीय छानबिन समिति गठन नभए सम्म संसद चल्दैन्' उनले भने, यस पटक छानबिन समिति गठन र बजेटबाट उपभोक्ता समिति पूर्ण रुपमा हटाउने प्रावधान राख्नुपर्ने माग मात्र रहनेछ ।

हुन त प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा पनि सबै योजना प्रतिस्पर्धाबाट गराउने प्रावधान राखेको थियो । तर त्यसबाट कमिसन कम आउने देखेपछि संकल्प प्रस्ताव बहुमतले पारित गरी उपभोक्ता समितिको प्रावधान राखेर १० प्रतिशत कमिसनमा योजनाहरु बिक्री गरेका छन् ।

# निर्माणाधीन प्रदेश सडकको आज प्रम ओलीले शिलान्यास गर्ने

## जनमत, जसपा नेपाल, माओवादी र नेकपा एसद्वारा बहिष्कार, नेकाँ 'पल्टि मारे'



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा दोस्रो चरणको 'एक निर्वाचन क्षेत्र, एक सडक योजना' को आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले डिजिटल शिलान्यास गर्ने भएका छन् ।

मधेश प्रदेशको पहिलो सरकारले ल्याएको कार्यक्रमलाई जनमत पार्टी नेतृत्वको सरकारले पनि निरन्तरता दिएको छ ।

प्रधानमन्त्री ओलीले जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला स्मृति भवनबाट डिजिटल(ल्याबटप)मा बटन थिचेर एकै चोटी सबै सडकको शिलान्यास गर्ने छन् ।

निर्वाचित सांसदहरुको रोजाई अनुसारको एउटा कालोपत्रे सडक ६४ वटै निर्वाचन क्षेत्रमा निर्माण भइरहेको छ। सडकको टेण्डर भइसकेर कतिपय सडकको निर्माण कार्य समेत प्रारम्भ भइसकेको छ। बहुवर्षीय योजना अन्तरगतको सो सडक हरेक निर्वाचन क्षेत्रमा ५ किलोमिटर निर्माण हुनेछ । तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रम लागु गरेका थिए।

वर्तमान सरकारले त्यो कार्यक्रमलाई निरन्तरता दिएको छ । सडक शिलान्यास प्रधानमन्त्री केपी शर्मा ओलीबाट गराउन गत हप्ता भएको सर्वदलीय बैठकमा एमाले बाहेकका सबै दलहरुले विरोध गरेका थिए। दलहरुले प्रदेशको योजना भएकाले प्रदेशकै सांसदहरुले आ-आफ्ना क्षेत्रमा सडकको शिलान्यास गर्दा सकारात्मक सन्देश जाने निर्णय गरेका थिए।

सत्ताको नेतृत्व गरिरहेको जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले प्रदेश सांसदको सिफारिसमा लागु प्रदेश सरकारको योजनाको शिलान्यास पनि प्रदेश सांसदले नै संयुक्त रुपमा गर्ने बताएका छन्। 'हाम्रो संसदीय दलको बैठकले प्रदेश सांसदबाट शिलान्यास हुने निर्णय गरिसकेको छ' उनले भने, प्रधानमन्त्रीजीले गर्ने शिलान्यास कार्यक्रममा हाम्रो सहभागिता रहने छैन्।

जनता समाजवादी पार्टी(जसपा)नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले संघीय सरकारको कुनै लगानी नरहेको, विगतको कार्यक्रमको निरन्तरता रहेको र प्रदेश सांसदले रोजेकाले शिलान्यास पनि प्रदेश सांसदले नै गर्नुपर्नेमा उनले जोड दिए।

आफ्नो क्षेत्रको कालोपत्रे सडकको समानुपातिक सांसदहरु समेत संयुक्त रुपमा आफूले शिलान्यास गर्ने उनले बताए।

'भौतिक पूर्वाधार विकास मन्त्रीको यो संघीयता विरोधी कार्य हो' उनले भने, यसले संघियता संस्थागत नभई केन्द्रमुखी हुनेछ ।प्रदेशका सांसदले गर्ने काम पनि प्रधानमन्त्रीबाट नै हुने भएपछि संघीयताको अभ्यास कसरी हुने ? उनले प्रश्न गरे।

नेकपा माओवादी मधेश प्रदेश संसदीय दलका नेता भरत साहले पनि प्रधानमन्त्रीको शिलान्यास कार्यक्रमप्रति आपत्ति जनाएका छन् । 'सर्वदलीय बैठकले नै सांसदहरु आफैले शिलान्यास गर्ने निर्णय गरिसकेपछि फेरि प्रधानमन्त्रीबाट शिलान्यास गराउनु प्रदेश सांसदको अपमान हो' उनले भने, बैठकमा मुख्यमंत्री, मन्त्री र प्रदेश सभामा रहेका नेता, प्रमुख सचेतकहरुको उपस्थितिमा निर्णय भएको थियो।

सडक शिलान्यास प्रधानमन्त्रीबाट गराउनुको सार्थकता नरहेको नेकपा एमालेका एकजना सांसदले नाम सार्वजनिक नगर्ने शर्तमा बताए ।'भौतिक पूर्वाधार विकास मन्त्रीले योजनाहरु बेचेको ढाकछोप गर्न प्रधानमन्त्रीबाट शिलान्यास गराइदैछ' उनले भने, प्रदेशका सबै पूर्वाधार विकास कार्यालयको कागजातहरु अख्तियारले नियन्त्रणमा लिएर कार्यालय प्रमुखहरुसित बयान समेत लिएकोछ।

प्रधानमन्त्रीसित सडक शिलान्यासको बैठकमा विरोध गरेका नेपाली कांग्रेस मधेश प्रदेश दलका नेता कृष्णा यादवले भने 'पल्टि' मारेका छन् ।यादवसित सम्पर्क गर्ने प्रयास सफल हुन सकेन्। नेकाँका प्रमुख सचेतक कुमरकान्त झाले प्रधानमन्त्रीजीले गर्नुहुने शिलान्यास कार्यक्रममा सहभागी हुने बताएका छन् । बैठकमा विरोध गरेको स्वीकारगर्दै झाले भने, दलका नेताले कार्यक्रममा सहभागी हुन भन्नुभएको छ।

सडक निर्माणमा १ हजार २ सय ७० करोडको स्रोत सुनिश्चित गरी टेण्डर समेत भइसकेको भौतिक पूर्वाधार विकास मन्त्रालयले शनिबार पत्रकार सम्मेलन गरी जनाएको छ।


बहुवर्षीय योजना अन्तर्गत ३ वर्षमा ६४ वटै कालोपत्रे सडकको निर्माण पूरा गर्ने मन्त्रालयले दाबी गरेको छ ।तर प्रदेशमा सरकार परिवर्तन भए योजना अलपत्र पर्ने आशंका पनि ब्यापक गरिएकोछ।

विगतमा तत्कालीन मन्त्री सोनल र प्रदेश सांसदले संयुक्त रुपमा शिलान्यास गरेका अधिकांश सडकहरुको निर्माण पूरा हुन सकेको छैन् ।एउटा सरकारले थालेको बहुवर्षीय योजनालाई अर्को सरकारले बजेट कटौती गर्ने चलन छ।

समयमै सबै सडकको निर्माण पूरा भए ३ वर्षमा ३ सय २० किलोमिटर कालोपत्रे सडक मधेश प्रदेशको सडक सञ्जालमा थपिनेछ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

Anjani Suite

शीघ्र कुपोषणको प्रारम्भिक पहिचान, उपचार र रोकथामको लागि अत्यावश्यक पोषण कार्यहरूको नमूना




बहुक्षेत्रीय समन्वय र साझेदारी
मातृशिशु पोषण हामी सबैको जिम्मेवारी

स्वास्थ्य | शिक्षा, विज्ञान र प्रविधि | खानेपानी तथा सरसफाई | कृषि तथा पशुपन्छीपालन | स्थानीय सुशासन | महिला र बालबालिका | वित्तिय व्यवस्थापन | उद्योग, वाणिज्य तथा आपूर्ति

स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, मधेश प्रदेश

# सालको काठ तस्करीमा संलग्न तीन जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा अवैध रूपमा सालको काठ ओसारपसारमा संलग्न तीन जना तस्करलाई डिभिजन वन कार्यालय धनुषाको टोलीले पिकअप गाडीसहित पक्राउ गरेको छ । सुराकीको आधारमा धनुषाधाम-जनकपुर सडकखण्डको ठेरा चोक नजिक गरिएको छापामारीमा उनीहरू पक्राउ परेका छन् ।

डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले जनाए अनुसार पक्राउ परेकामध्ये धनुषाधाम नगरपालिका-१ काशिपुरका प्रमोद ठाकुर, गगन यादव र धनुषाधाम-२ का रुपेश राय छन् । उनीहरूलाई ज १ च ९५३ नम्बरको पिकअप गाडीमा लुकाएर राखिएको २०.७७ क्युबिक फिटका २० थान साल प्रजातिको काठसहित नियन्त्रणमा लिइएको हो ।

यसका साथै घटनास्थलबाट प्रदेश २-०२-००४ प ०२८५ नम्बरको पल्सर मोटरसाइकल पनि बरामद गरिएको छ । अनुसन्धानकर्ताहरुले जनाए अनुसार उक्त मोटरसाइकललाई सुरक्षा निगरानी वा सञ्चार सम्पर्कको लागि प्रयोग गरिएको हुनसक्ने अनुमान गरिएको छ । सो बरामद काठ तथा सवारी साधनसहित तीनै जनालाई डिभिजन वन कार्यालयमा राखिएको छ । उनीहरूविरुद्ध हाल वन ऐन २०७९ अनुसार कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको छ ।

डिभिजन वन कार्यालयले काठ तस्करीमा संलग्न व्यक्तिहरूलाई कडाइका साथ निगरानी गर्दै आएको जनाएको छ । अधिकारीहरूका अनुसार वनसम्पदाको संरक्षणमा सार्वजनिक सहयोग अपरिहार्य रहेको भन्दै तस्करी गतिविधिबारे सूचना दिन सबैलाई आग्रह गरिएको छ ।

# देशव्यापी विपद् सूचक 'सञ्जाल' तयार पार्दै सशस्त्र प्रहरी बल

काठमाण्डु । सशस्त्र प्रहरी बल, नेपालले स्थानीय समुदायको सहभागितामा विपद् व्यवस्थापनका कामलाई परिणाममुखी बनाउने योजना अघि बढाएको छ । त्यसका लागि सशस्त्र प्रहरीले यही जेठ महिनाभित्र स्थानीय समुदायबाट करिब एक लाख ७० हजार विपद् सूचक रहेको 'नेटवर्क'तयार गर्दैछ ।

समुदायस्तरमा विपद्सम्बन्धी सूचना प्राप्तिमा सहकार्य, परिचालनमा सहजीकरण र उद्धारमा समन्वयात्मक कार्य गर्ने उद्देश्यले विपद् सूचकको व्यवस्था गर्न लागिएको सशस्त्र प्रहरी बलले स्पष्ट पारेको छ । समुदायमा विपद् उद्धारक पनि तयार गर्दैछ । केही दिनअघि सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले यसवर्ष सातवटै प्रदेशमा करिब एक हजार 'समुदाय विपद् उद्धारक' तयार गर्ने योजना सार्वजनिक गर्नुभएको थियो । सोहीअनुसार सशस्त्र प्रहरी मुख्यालयले मातहत कार्यालयमा विपद् उद्धारक स्वयंसेवक तालिम सुरुआत गरिसकेको छ । समुदाय विपद् उद्धारकलाई १८ दिनको विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी तालिम दिइनेछ ।

प्रदेशस्थित सशस्त्र प्रहरी मुख्यालय तथा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानले




त्यसका लागि जेठ मसान्तसम्म सबै बाहिनी मुख्यालयले जिम्मेवारी रहेका क्षेत्रमा पर्ने सबै वडामा २५ जनाको दरले विपद् सूचक समूह निर्माण गर्नेछ । ती समूहबाट विपद्सम्बन्धी सूचना तत्काल प्राप्त हुने र सोहीअनुसार आफ्ना सुरक्षाकर्मी परिचालन तथा उद्धारमा सहजता हुने सशस्त्र प्रहरीको विश्वास छ ।

विपद् सूचक समूह तयार भएपछि उनीहरूलाई विपद् सचेतनामूलक प्रशिक्षण र विपद् 'सिमुलेशन' अभ्यासमा सहभागी गराउने योजना रहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापा बताउनुहुन्छ ।

यसैबीच सशस्त्र प्रहरीले चालु आर्थिक वर्षमा १८ वटा तालिम सञ्चालन गर्ने सहप्रवक्ता थापाले बताउनुभयो । आगामी आवमा थप एक सय ४७ वटा तालिम सञ्चालन गरिने र यस प्रकारका तालिमले समुदायस्तरमा विपद्बाट बच्न पूर्वतयारीका साथै विपद्का समयमा उद्धार तथा राहत कार्यमा सहजता हुने उहाँको विश्वास छ ।

सशस्त्र प्रहरी बल नेपाल नं २३ मनकामना गण तनहुँले समुदाय विपद् स्वयंसेवक तालिमको थालनी गरिसकेको छ । स्थानीय सरकार तथा सरोकार भएकाहरूसँगको समन्वयमा ५८ जनाले तालिम लिइरहेका छन् ।रासस

# मनसुन भित्रिएलगत्तै वर्षा र बाढी-पहिरो जोखिम



काठमाण्डु । नेपालमा मनसुन भित्रिएलगत्तै वर्षा र बाढीपहिरोको जोखिम सुरू भएको छ । यही बिहीबार राति नेपालको पूर्वी क्षेत्रबाट मनसुन प्रवेश गरी कोशी प्रदेशमा फैलिएको थियो । त्यसको २४ घण्टा नबित्दै पूर्वी नेपालको विभिन्न क्षेत्रमा बाढीले क्षति पुऱ्याएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार आज बिहान परेको अविरल वर्षाका कारण धरान-धनकुटा सडकखण्डको सागुरीगढी गाउँपालिका-६ स्थित फेदीको १०० मिटर सडक लेउती खोलाको बाढीले बगाएको छ ।

जसका कारण कोशी राजमार्गको धरान-धनकुटा सडकखण्ड अवरुद्ध भएको प्राधिकरणले जनाएको छ । जसले धनकुटा हुँदै जाने भोजपुर, सङ्खुवासभा, ताप्लेजुङ, पाँचथरको यातायात ठप्प भएको छ । आजै झापामा माईखोलाको बाढीले २२ घर डुबानमा परेको पनि केसीले बताउनुभयो । उहाँका अनुसार अहिले पानी घट्दो क्रममा रहेको र मानवीय जोखिम रहेको छैन । स्थानीयहरुलाई सुरक्षित स्थानमा सारिएको छ ।

नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले पूर्वी नेपालको झापा तथा धरान धनकुटा सडक क्षेत्रमा बाढी पहिरोका घटना भएको र सो क्षेत्रमा उद्धार तथा नागरिकको सुरक्षाका लागि प्रहरी टोली परिचालन गरेर विपद् व्यवस्थापनको कार्य भइरहेको बताउनुभयो ।

नेपालमा मनसुन भित्रिने सरदरभन्दा १५ दिनअगावै बिहीबार रातिदेखि मनसुन भित्रिएको थियो । जल तथा मौसम विज्ञान विभागका अनुसार हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन चट्याङसहितको हल्कादेखि मध्यम पानी परिरहेको छ ।

पछिल्लो १२ घण्टामा कोशी प्रदेशका केही स्थानमा धेरै भारीदेखि अति भारी वर्षा भएको पनि विभागले जानकारी दिएको छ । पानी पार्ने प्रणाली अहिले उत्तरतिर सरिरहेको र थप पानी पर्नसक्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन विभागले बुलेटिनमार्फत जानकारी गराएको छ ।

पछिल्लो १२ घण्टामा कोशी प्रदेशको झापा, इलाम, मोरङ र सुनसरी जिल्लामा भारी वर्षा मापन भएको र ती क्षेत्र भएर बहने कन्काई नदी, बिरिङ खोला, केसलिया खोलालगायतमा सतर्कता तहभन्दा माथिको बाढी मापन भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले पनि सबैमा अनुरोध गरेको छ ।

महाशाखाले इलाम, झापा, मोरङ, सुनसरी र धनकुटाको धेरै स्थानमा भारी वर्षा मापन भएको र थप बर्षा हुनसक्ने भएकाले मेची, विरिङ, निन्दा, कन्काई, चिसाङखोला, मावा-रतुवा, लोहन्द्रा, बक्राहा, नुनखोलालगायत अन्य साना खोलामा सतर्कता तह आसपासको बाढी आउन सक्ने भएकाले दिउँसोसम्म उच्च सतर्कता अपनाउन पनि अनुरोध गरेको छ ।

वर्षा गराउने बादल पूर्वी नेपालबाट उत्तरतर्फ सरिरहेको पनि मौसम विज्ञान विभागले जानकारी दिएको छ ।

आगामी तीन दिन कोशी, नारायणी, कर्णाली, महाकाली र यसका प्रमुख सहायक नदीहरू साथै कमला, बागमती, पूर्वीराप्ती, पश्चिम राप्ती र बबई नदीको जलसतह सतर्कता तह तलै रहने पुर्वानुमान भए पनि बढ्दो हुने देखिएको जनाइएको छ । त्यसैले नदी तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाउन अनुरोध पनि गरिएको छ ।रासस

# बानियाँलाई आभास साहित्य सम्मान, उत्कृष्ट साहित्य पुरस्कार 'अर्हत्' लाई

काठमाण्डु । आभास साहित्य कोषले २०८१ सालको आभास साहित्य सम्मान वरिष्ठ साहित्यकार तथा समालोचक राजकुमार बानियाँलाई प्रदान गरेको छ ।

कोषले 'अर्हत्' उपन्यासका लागि आख्यानकार शैलेन्द्र अधिकारीलाई आभास उत्कृष्ट साहित्य पुरस्कार, २०८१ समर्पण गरेको छ । राजधानीमा आयोजित एक कार्यक्रममा नेपाली लेखक सङ्घका अध्यक्ष वियोगी बुढाथोकीले बानियाँ र अधिकारीलाई सम्मान तथा पुरस्कार हस्तान्तरण गर्नुभएको हो ।




सो अवसरमा बुढाथोकीले साहित्यको क्षेत्रमा वर्षौंदेखि काम गरेका व्यक्ति र कृतिको सम्मान गरेर कोषले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । कार्यक्रममा सम्मानित र पुरस्कृत व्यक्तित्वबारे कवि तथा समीक्षक शकुन्तला जोशी र हेमप्रभासले चर्चा गर्नुभएको थियो । जोशीले समीक्षा र समालोचना गर्दा बानियाँको निष्ठापूर्वक कलम चलाउने र कृतिमाथि न्याय दिने आम विश्वास रहेको टिप्पणी गर्नुभयो । अर्का समीक्षक प्रभासले अर्हत् आद्योपान्त पठनीय र उत्प्रेरक कृति रहेको बताउनुभयो ।

सम्मानित व्यक्तित्व बानियाँले सम्मान र पुरस्कारले साहित्य साधकहरूलाई अगाडि बढ्न ऊर्जा दिने अनुभव सुनाउनुभयो । कोषका अध्यक्ष बालकृष्ण श्रेष्ठले कोषले सामाजिक उत्तरदायित्वअन्तर्गत यस प्रकारका पुरस्कार र सम्मानलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

> अर्का समीक्षक प्रभासले अर्हत् आद्योपान्त पठनीय र उत्प्रेरक कृति रहेको बताउनुभयो ।

कार्यक्रममा कोषका संरक्षक श्यामकुमार श्रेष्ठ, सञ्चारकर्मी प्रकाश थापा, दीपक सापकोटालगायतले आआफ्नो धारणा राख्नुभएको थियो । यसअघि उक्त पुरस्कार 'डुङाल' उपन्यासका लागि आख्यानकार मालिका केशरी (प्रकाशकुमार श्रेष्ठ) लाई प्रदान गरिएको थियो ।

सम्मान तथा पुरस्कारको राशि डेढ लाख र रु एक लाख रहेको छ । सम्मानित बानियाँ तीन दशकदेखि साहित्य लेखन, समालोचना र सम्पादन क्षेत्रमा सक्रिय छन् । पुरस्कृत अधिकारीका 'अर्हत्' सहित 'निर्वेद' र 'ब्रह्मास्त्र' आख्यान कृति प्रकाशित छन् ।रासस

# "कर्मचारीलाई क्षमताअनुसार परिचालन गरेमा उचित लाभ हासिल गर्न सकिन्छ"

पाटन । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालयमा कर्मचारीको क्षमताअनुसार परिचालन गरेमा न्यायपालिकाले उचित लाभ हासिल गर्ने बताउनुभएको छ ।

न्यायपालिका अधिकृत समाजको शनिबार ललितपुरमा आयोजित पाँचौँ वार्षिक साधारणसभाको उद्घाटन समारोहमा अधिकृत समाजलाई संस्थागत उन्नयन र सामूहिक एकतामा आधारित रहेर काम गर्ने क्षमता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । देशभरिका अधिकृतले अपनत्व लिनसक्ने संस्थाको रूपमा अधिकृत समाज विकास हुनुपर्ने उहाँको भनाइ छ ।



न्यायपालिकामा क्रियाशील अधिकृतमा व्यवस्थापनदेखि प्रशासकसम्म समन्वय गर्नसक्ने भूमिका रहेने बताउँदै राउतले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्न सबै न्यायालयका कर्मचारीलाई आग्रह गर्नुभयो । "अधिकृत न्यायपालिकाको आधारस्तम्भ हो, यसको आधारमा सुधार गर्दै जानु जरुरी छ । मर्यादित, प्रतिष्ठित र निष्ठावान् न्यायपालिकाको कर्मचारी हुँदा सबैको शिर उँचो हुन्छ, यसमा ध्यान दिनुहुन मेरो आग्रह छ", उहाँले भन्नुभयो ।

मुद्दा फछ्र्यौट, पेसी व्यवस्थापनमा उत्साह र क्रियाशीलता आवश्यक रहेको बताउँदै उहाँले संसदीय समितिमा दुई वर्षभित्र दुई वर्षभन्दा बढी अवधिका मुद्दा शून्यमा झार्ने प्रतिबद्धता जनाएकाले सो उपलब्धि हासिल गर्न समन्वय र सहयोग गर्न सबैलाई अनुरोध गर्नुभयो । प्रधानन्यायाधीश राउतले अधिकृत समाजले संस्थागत उन्नयन र सामूहिक एकताका आधारित रहेर काम गर्नुपर्नेमा जोड दिँदै न्याय क्षेत्रमा काम गर्ने अधिकृत समग्र न्यायपालिकाको ऐना भएकाले सोहीअनुसार कार्यसम्पादन गर्नुपर्ने धारणा राख्नुभयो । न्याय क्षेत्र गरिमामय सेवा भएको बताउँदै उहाँले न्याय सेवाका कर्मचारीप्रति राष्ट्र र समाजले विश्वास गर्ने भएकाले हामी इमान्दार र निष्ठावान् हुनुपर्नेमा जोड दिनुभयो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले न्यायपालिकाको गरिमा उच्च राख्न मन्त्रालयको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन कायम गरेको जनाउँदै यसको गरिमालाई उच्च राख्न न्यायपालिका इमान्दार र पारदर्शी हुनुपर्ने धारणा राख्नुभयो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ । |
| वृष : | पढाइमा प्रगति नै हुनेछ । अरुलाई प्रभावित पारेर अधुरा काम बन्नेछ । |
| मिथुन : | धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । |
| कर्कट : | गरेका कामबाट राम्रै लाभ हुनेछ । प्रेमीको सहयोग पनि पाइनेछ । |
| सिंह : | स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला । |
| कन्या : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| तुला : | सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| वृश्चिक : | परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् । |
| धनु : | धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुनेछ । |
| मकर : | विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । |
| कुम्भ: | जोशजाँगर र हिम्मत बढ्नेछ । धर्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । |
| मीन : | वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिका- १०स्थित धार्मिक तथा पर्यटकीयस्थल **घडिअर्वा पोखरी**। शनिबार बिहानीपख वीरगञ्ज आसपासमा पानी परेसँगै पोखरीमा पानी भरिएर आकर्षक र मनमोहक देखिएको छ। *तस्बिरःरासस*

# राइमण्डल तथा पाटु क्षेत्र राष्ट्रिय सम्पदास्थलमा विकास हुनसक्ने

महोत्तरी । बर्दिवास नगरपालिका-३ को राइमण्डल तथा पाटु क्षेत्र राष्ट्रकै मुख्य सम्पदास्थलका रुपमा विकास हुनसक्ने पुरातत्व तथा भूगर्भविद्ले निष्कर्ष निकालेका छन् ।



यस क्षेत्रमा मध्यपाषाण युगका हतियार र औजार बनिएका विषयको स्थलगत अध्ययन अन्वेषण गर्न आएको पुरातत्व विभागको विज्ञ टोलीले सो निष्कर्ष निकालेका हुन् । "हामीले यहाँ पाषाण युगकालीन महत्वपूर्ण सामग्री पाएका छौँ", अन्वेषण टोलीका विज्ञ डा मञ्जिल हजारी भन्नुहुन्छ, "प्राचीन मानव सभ्यताको खोजका लागि यो महत्वपूर्ण उपलब्धि हो ।"

अब नेपाल सरकारले पुरातत्व विभागलाई यो क्षेत्र संरक्षित गर्न तत्काल पहलकदमी बढाउन आवश्यक देखिएको उहाँको भनाइ छ। डा हजारी र विभागका विज्ञ भाष्कर ज्ञवालीले गत शनिबार (जेठ १० गते) देखि गर्नुभएको अध्ययन अन्वेषणको निष्कर्ष आज बर्दिवासका सरोकारवालाहरुबीच आज सार्वजनिक गर्नुभएको हो ।

विज्ञ टोलीले यसपालिको अन्वेषणमा रातु नदी पश्चिम, भब्सी नदी पूर्व, बर्दिवास-३ को गौरीडाँडा र पूर्वमोडिएको भब्सी नदीको भागबाट उत्तर एवं राइमण्डलडाँडादेखि दक्षिणको सात दशमलव पाँच वर्ग किलोमिटरको क्षेत्रभित्र अध्ययन अन्वेषण गरेको जानकारी दिएको छ।

"मध्यपाषाण युगकालीन हतियार र औजार फेला परेको मुलुककै यो ठूलो क्षेत्र हो", विज्ञ ज्ञवाली भन्नुहुन्छ, "यसले मध्यपाषाण युगकालीन इतिहास र मानव सभ्यता बुझ्न, अध्ययन गर्न नयाँ अध्याय थपेको छ।"विज्ञ टोलीले यहाँ यसपाली १८ प्रकारका विभिन्न हतियार र औजार तथा सात प्रकारका ती यस्ता सामग्री बनाइन प्रयोग गरिएका औजारसहित २५ प्रकारका ढुङ्गे औजार फेला पारेको छ।

प्राप्त सामग्रीमा त्यतिखेर प्रयोग भएका छुरा, खुकुरी, खुँडा, घुयत्रोसहितका ढुङ्गे हतियार र छिनो, गल, मुङ्ग्रोजस्ता औजार फेला परेका डा हजारीले देखाउनुभयो। यी औजार र हतियार कामका विविध क्षेत्रअनुसार प्रयोगमा आउने खालका रहेका डा हजारीको भनाइ छ।

"ढुङ्गे युगपछि फलामे र अन्य धातुका औजार र हतियार बन्न थाले, तर यी नयाँ औजार र हतियार आकार, प्रकार र उपयोगिताको दृष्टिले ढुङ्गे औजार र हतियारकै निरन्तरता हुन्", डा हजारीले भन्नुभयो । अब सन् १९८० को दशकमा जर्मन अन्वेषक गुड्न कर्विन्सको अध्ययनलाई पछ्याउँदै अन्वेषण गरिँदै जाँदा क्रमशः नयाँ नयाँ तथ्य फेला पर्दै जाने डा हजारीको विश्वास छ। आजभन्दा साढे चार दशक पहिले सन् १९८० को दशकमा जर्मन अन्वेषक तथा भूगर्भविद् गुडन कर्विन्सले गर्नुभएको अध्ययनले यस ठाउँबारे नयाँ अन्वेषणको ढोका खोलेको विज्ञ टोलीको भनाइ छ।

"कर्विन्सले एक दशकभन्दा बढी समय लगाएर यहाँ गर्नुभएको अन्वेषणले पहिलो चासो बढेको हो", भूगर्भविद् ज्ञवाली भन्नुहुन्छ, "अहिले हामीले पछ्याएको उहाँकै अध्ययन प्रतिवेदन हो।"

कर्विन्सले यहाँको अन्वेषणपछि प्रकाशित गर्नुभएको 'प्रि हिष्टोरिक कल्चर्स इन नेपाल' कृतिमा पाटु तथा राइमण्डल क्षेत्रमा मध्यपाषाण युगमा औजार र हतियार बनाउने कारखाना रहेको प्रकाश पार्नुभएको थियो।

कर्विन्सको कृति प्रकाशन भए पनि यसबारे थप अध्ययन अन्वेषणमा चासो नबढेपछि करिब दुई वर्ष पहिले बर्दिवास उद्योग वाणिज्य सङ्घको अगुवाइमा १० सामाजिक संस्थाले चुरे क्षेत्रका पर्यटकीय सम्भावनाको खोज गर्न गरेका पदयात्राको प्रतिवेदन सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई बुझाएपछि यसबारे थप अध्ययन अन्वेषणको कामले पहलकदमी लिएको हो।

यस क्रममा यसपालि चालु आर्थिक वर्ष २०८१/८२ मै केन्द्र र प्रदेश सरकारले रातु राइमण्डल पुरातात्विक अध्ययनका लागि बजेटमै सम्बोधन गरेपछि बर्दिवास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिको तत्परतामा अहिले पुरातत्व विभागले अन्वेषण गरेको हो।

विज्ञ टोलीले यस पटक गरिएका अध्ययन र अन्वेषणका नतिजा पुरातत्व विभागमा पुऱ्याइ राष्ट्रिय सङ्ग्रहालयमा राखिने जनाएको छ। यसअघि कर्विन्सले फेला पानुभएका केही औजार र हतियार पनि विभागले सङ्ग्रहालयमा प्रदर्शनीमा राखिसकेको छ।

विज्ञटोलीको निष्कर्षपछि बर्दिवासवासीले यो क्षेत्रको अध्ययन अन्वेषणको कामलाई निरन्तरता दिन तीनै तहका सरकार र पुरातत्व विभागको थप पहलकदमी हुनपर्ने औँल्याएका छन्। "अब यो अन्वेषणको कामले निरन्तरता पाउनुपर्छ, अघिल्ला कामबारे थप योजना बनुन्", बर्दिवास-३ पाटुकै बासिन्दा अगुवा सामाजिक कार्यकर्ता सुदर्शन घिमिरे भन्नुहुन्छ, "यसले हाम्रो बृहत सम्भावना देखाइरहेको छ।"

पुरातत्व विभागको टोलीले अन्वेषण निष्कर्ष सार्वजनिक गरेपछि अब यसअघिका काम प्रदेश तथा केन्द्र सरकार र पुरातत्व विभागसँगको आपसी समन्वयमा अघि बढ्ने नगरका प्रमुख प्रहलादकुमार क्षत्रीको प्रतिबद्धता छ।रासस

# सेनेटरी प्याड बनाउन छात्रालाई तालिम

सिरहा । महिनावारीको समयमा प्रयोग गर्ने सेनेटरी प्याड किन्न बन्दनाकुमारी महतोलाई बुवाआमासँग आवश्यक पैसा मागिरहनुपर्ने बाध्यता टरेको छ । सिरहाको नवराजपुर गाउँपालिका-४ सोनवर्षास्थित जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्रा बन्दनाले तीनदिने तालिम पछि घरैमा आफैं प्याड बनाउन सक्ने हुनुभएको छ।



स-साना कपडाको टुक्राबाट महिनावारी हुँदा प्रयोग गर्न मिल्ने प्याड बनाउन जानेपछि उहाँले खुसी लागेको बताउनुभयो। "अब सेनेटरी प्याड किन्न घरमा पैसा मागिरहनु परेन। पहिला मम्मीसँग माग्थे, अब त्यो परेन। स-साना कपडाको टुक्राबाट राम्रोसँग प्याड बनाउन सिकेकी छु", खुसी व्यक्त गर्दै बन्दनाले भन्नुभयो, "पकेटमा रुमाल राखे जसरी लिएर हिड्न सक्छौं । जतिबेला जरुरी पर्छ त्यसैबेला प्रयोग गर्न सकिन्छ।" घरेलु प्याड लगाउँदा महिनावारीको समयमा सुरक्षित हुने तरिकाबारे पनि सिकेको उहाँले जानकारी दिनुभयो।

बन्दनाजस्तै रमेश महतो स्मृति जनता माध्यमिक विद्यायलमा कक्षा १० मा अध्ययनरत अर्का छात्रा पूजाकुमारी चौधरीलाई पनि तालिमले निकै सहज बनाइदिएको छ । तालिमबाट प्याड बनाउन सिक्नुभएकी उहाँ आफूले प्रयोग गर्नेमात्रै नभएर दिदी बहिनी र आमालाई प्रयोग गर्ने प्याड घरमै बनाउने सोचमा हुनुहुन्छ।

छात्रा पूजाको परिवारमा आमा, दिदी र बहिनीले पनि कपडाकै प्रयोग गर्नेगरेको बताउँदै उनीहरुलाई पनि घरमै कपडाको प्रयोग गरी पुनःप्रयोग गर्न मिल्ने घरेलु प्याड बनाउने तरिका सिकाई व्यवसायिक बन्न सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "बजारमा विभिन्न कम्पनीका सेनेटरी प्याड उपलब्ध हुन्छन्। तर त्यस्ता प्याड सबैको पहुँचमा हुँदैनन् । त्यसैले घरमै व्यवसायिकरूपमा कपडाको प्याड बनाएर बिक्री गरेर आम्दानी लिन सकिन्छ । गाउँ घर टोल छिमेकीलाई सिकाउन सकिन्छ।"

बन्दना र पूजाजस्तै दुई विद्यालयका गरी ५३ छात्राले बुधबारदेखि शुक्रबारसम्म जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयमा तीन दिने तालिम लिएका छन् । गाउँपालिकाको आर्थिक सहयोगमा सृजनशील नेपाली युवा समूह लहानले सञ्चालन गरेको तालिमपछि कक्षा १० मा अध्ययनरत छात्रामा कपडाको प्रयोग गरी पुनःप्रयोग गर्न मिल्ने घरेलु प्याड बनाउने तरिका अरुलाई सिकाउने आत्मविश्वास बढेको देखिन्छ।

महिनावारीका समयमा किशोरीमा विद्यालय आउनसमेत नसक्ने अवस्था रहने हुनाले उनीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै आफैले बनाएको प्याड प्रयोग गर्नसके स्वास्थ्यका लागि पनि राम्रो हुने उद्देश्यले तालिम दिइएको प्रशिक्षक प्रतिभा गुप्ताले बताउनुभयो । किशोरीहरुले महिनावारीको समयमा ध्यान दिनुपर्ने कुरा, स्वस्थ तरिकाले प्याड प्रयोग गर्ने विधिबारेसमेत तालिममा सिकाइएको उहाँले बताउनुभयो।

त्यस्तै, तालिमका अर्का प्रशिक्षक सङ्गिता चौधरले कमजोर आर्थिक अवस्थाका कारण कतिपयले बजारमा प्याड खरिद गर्न नसक्ने भएकाले कपडाको उचित तवरले प्रयोग गर्न नजान्नेको लागि तालिम प्रभावकारी भएको विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बजारको प्याड किनेर प्रयोग गर्न पैसा हुन्न। कपडा, सुई, धागो, टाँक, कैची भएपछि घरेलु प्याड बनाउन सकिन्छ। त्यसैले हाम्रो लागि यो प्याड बजारको भन्दा राम्रो छ। इन्फेक्सनबाट पनि जोगाउँछ।"

ग्रामीण समुदायमा किशोरीसँग साथमा पैसा नहुने र महिनावारीको समयमा उनीहरुको पठनपाठन नै प्रभावित हुने देखिएपछि विद्यालयले तालिमको लागि सहजीकरण गरेको जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयका प्रधानाध्यापक मुरारी शर्माले जानकारी दिनुभयो । महिनावारी भएको समयमा उनीहरु आफैं प्याड तयार गरी प्रयोग गर्न सक्ने भएको बताउनुहुँदै उहाँले यो तालिमले सहज बनाएको बताउनुभयो।रासस

# वीरगञ्ज नाका हुँदै भित्रिने चार पाङ्ग्रे सवारीसाधनको आयात घट्यो



वीरगञ्ज ।वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा चार पाङ्गे सवारीसाधनको आयात ह्वातै घटेको छ । चालु आवको वैशाखसम्म यो नाका हुँदै एक अर्ब ५३ करोड मूल्य पर्ने सात सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन्।

जबकी आव २०८०/८१ को वैशाख मसान्तसम्मको अवधिमा भने रु दुई अर्ब सात करोड मूल्य पर्ने एक हजार २६७ वटा जीप, कार र भ्यान सवारीसाधन आयात भएर भित्रिएका थिए । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पछिल्लो समय वीरगञ्जभन्दा मुलुकका अन्य नाकाबाट धेरै सवारीसाधन आयात हुने बताउनुहुन्छ। इन्धनबाट चल्ने चार पाङ्गे सवारीसाधनको आयात घटेसँगै कार्यालयले प्राप्त गर्ने राजस्वको रकममा पनि गिरावट देखिएको छ।

चालु आवको १० महिनामा इन्धनबाट चल्ने चार पाङ्गे सवार ीसाधनबाट रु चार अर्ब तीन करोड राजस्व सङ्कलन भएको छ। तर, गत आवको सोही अवधिमा भने रु चार अर्ब ३९ करोड राजस्व सङ्कलन भएको थियो।

चालु आवको १० महिनामा ट्रक, मिनि ट्रकको आयात पनि खुम्चिएको छ।

सो अवधिमा रु ५३ करोड मूल्यका २३१ वटा ट्रक, मिनिट्रक आयात भएका छन् । जबकी गत आवको सोही अवधिमा भने रु दुई अर्ब १२ करोड मूल्य पर्ने ७६४ वटा ट्रक तथा मिनि ट्रक आयात भएको थियो।

चालु आवको १० महिनामा विद्युत्बाट चल्ने जीप, कार र भ्यानको आयातमा पनि उच्च गिरावट देखिएको छ । सो अवधिमा रु ४२ करोड मूल्य पर्ने १७४ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ। जबकी गत आवको १० महिनामा भने रु ९५ करोड मूल्यका ४४८ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ।


वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिनाको अवधिमा २६ थरिका साना/ठूला सवारीसाधन गरेर रु १८ अर्ब ५२ करोड मूल्यका रु दुई करोड १४ लाख ७५ हजार ४७१ वटा सवारीसाधन आयात भएका छन्।

ती सवारीसाधन आयात हुँदा कार्यालयले भने रु १५ अर्ब २४ करोड राजस्व सङ्कलन गरेको छ। कार्यालयले गत आवको वैशाख मसान्तसम्मको अवधिमा रु १७ अर्ब ५ करोड मूल्यका २६ थरिका रु दुई करोड ७० लाख २२ हजार दुई सय २२ वटा साना/ठूला सवारीसाधन आयात भएका छन्।

ती सवारीसाधनको आयातबाट कार्यालयले रु १३ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको छ ।रासस

# बजेटमा समावेश भएसँगै दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना अघि बढ्ने विश्वास

काठमाण्डु । खोटाङ र ओखलढुङ्गाको सिमानामा पर्ने रभुँवाघाटस्थित दूधकोशीबाट उत्पादन गर्न लागिएको ६७० मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना अघि बढ्ने भएको छ।



बजेट अभावले मुआब्जा निर्धारण रोकिएको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनालाई नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेट समावेश गरेपछि आयोजनाको काम अघि बढ्ने विश्वास गरिएको हो।

दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनालाई नेपाल सरकारले प्राथमिकताका साथ अगाडि बढाउनेगरी सरकारले यही जेठ-१५ गते प्रस्तुत गरेको बजेटमा समावेश गरेको हो । एमाले नेता विशाल भट्टराईले भन्नुभयो, "दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा मुआब्जाका लागि पटक-पटक छलफल भए पनि बजेट अभावका कारण निर्धारण हुन सकेको थिएन। यो पटक सरकारले बजेटमा आयोजनालाई समावेश गरेको छ। अब मुआब्जा निर्धारण गरेर जग्गाधनीलाई वितरण गर्नेगरी काम अघि बढ्छ। यो जिल्लावासीको लागि खुसीको कुरा हो।"

खोटाङको रावाबेँसी गाउँपालिका-३ लामीडाँडा र ओखलढुङ्गाको चिसंखुगढी गाउँपालिका-६ भदौरेको सिमानामा पर्ने रभुँवाघाटबाट उत्पादन गरिने बहुउद्देश्यीय जलविद्युत् आयोजनाका लागि तत्कालीन अर्थमन्त्री वर्षमान पुनको पालामा नेपाल सरकार र लगानीकर्ताबीच सहमति जुटाइएको थियो। करिब ४२ वर्षअघि अध्ययन गरेर सुरू गरिएको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा एसियाली विकास बैंक (एडिबी) लगायतका वित्तीय संस्थाले लगानी गर्ने जनाएको छ।

दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाले ओगट्ने खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुका सरकारी तथा व्यक्तिका गरी करिब २५ हजार रोपनी जग्गा प्राप्ति (अधिग्रहण)को प्रक्रिया अघि बढाइएको छ । जलाशययुक्त जलविद्युत् आयोजना सञ्चालनका लागि सरकारी जग्गाबाहेक व्यक्तिको नाममा रहेको करिब २० हजार रोपनी जग्गा अधिग्रहण हुने अनुमान गरिएको विद्युत् प्राधिकरणले जनाएको छ।

बजेट अभावका कारण व्यक्तिको नाममा रहेको जग्गाको मुआब्जा लामो समयसम्म निर्धारण नहुँदा जलविद्युत् आयोजना नै के हुने भन्ने जिल्लावासीमा चिन्ता बढ्दै गएको थियो। मुआब्जा निर्धारण नभए पनि जलविद्युत् आयोजनाबाट प्रभावित हुने जग्गाको किनबेचमा भने, नेपाल सरकारले रोक लगाएको छ।

दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनामा राखेको छ । सरकारको राष्ट्रिय गौरवको आयोजनाकोरूपमा रहेको दूधकोशी जलविद्युत् आयोजनाको मुआब्जा निर्धारणका लागि रायसुझाव लिन बसेको सर्वदलीय छलफलले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम चलनचल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले गर्ने मूल्याङ्कन, जिल्लामा कारोबार भएको मूल्य र सरकारी दर रेटलाई आधार मानेर जग्गाको मूल्य निर्धारण गर्ने निचोड निकालेको छ।

जलविद्युत् आयोजनाका लागि खोटाङतर्फको जग्गा विसं २०७८ असार २३ गतेदेखि रोक्का छ भने, ओखलढुङ्गातर्फको जग्गा अधिग्रहणका लागि विसं २०७८ फागुन २३ गते सूचना प्रकाशित गरेको थियो। जग्गा प्राप्ति ऐन र जग्गाधनीको अपेक्षा नमिल्दा दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाका लागि अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण हुन नसकेको स्थानीय तहका जनप्रतिनिधिले बताएका छन्।

दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना प्रभावित क्षेत्रका जग्गाधनीको रायलाई संशोधन गरेर सम्बन्धित स्थानीय तहको तर्फबाट मूल्य निर्धारण समिति र उपसमितिलाई यसअघि नै राय दिइसकेको रावाबेँसी गाउँपालिकाका प्रमुख फटिककुमार श्रेष्ठले बताउनुभयो । "जग्गाको अन्तिम मूल्य निर्धारण गर्न सकिएको छैन । यसका लागि तीन वा पाँच रोपनीभन्दा कम जग्गा भएका जग्गाधनीलाई दिइने मुआब्जाबारे छुट्टै मूल्याङ्कन गर्नुपर्ने देखिएको छ", उहाँले भन्नुभयो, "प्रभावित क्षेत्रमा पुस्तौँदेखि अरूको जग्गा कमाएर बसेका र प्रभावित क्षेत्रमै अरूको जग्गामा ३० देखि ४० वर्षदेखि घरटहरा बनाएर बसिरहेका छन् । उनीहरूको पुनःस्थापनाको विषयले पनि मूल्य निर्धारणमा अलमल गराएको छ। लामीडाँडाको रभुँवाघाटमा वर्षौंदेखि माझी समुदायको ठूलो सङ्ख्यामा बसोबास छ। रासस

# हात्तीको आक्रमणबाट एक किसानको मृत्यु

सप्तरी। सप्तरीमा शनिबार बिहान जङ्गली हात्तीको आक्रमणमा परी एक किसानको मृत्यु भएको छ।

आक्रमणबाट कञ्चनरूप नगरपालिका-१२ धरमपुर टोलका ६६ वर्षीय दशरथ भनिने केदारबहादुर विष्टको मृत्यु भएको प्रहरीले जनाएको छ।

स्थानीयका अनुसार घरदेखि पाँच सय मिटर पश्चिममा रहेको मकैबारीमा विष्टलाई हात्तीले आक्रमण गरेको थियो। हात्तीको दाह्रा उहाँको शरीरमा गाडिएको स्थानीय स्थानीय लिलबहादुर मगरले बताउनुभयो। बँदेललगायत जनावरबाट मकै जोगाउन विष्ट राति एक्लै खेतमा जाने र कहिलेकाही खेतमा बनाएको टौवा (छाप्रो) मा नै सुत्ने गरेकामा आज हात्तीको आक्रमणमा परी मृत्यु भएको उहाँले जानकारी दिनुभयो ।रासस


## नेपाल अपाङ्ग संघ

**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

**शाखा कार्यसमितिको निर्वाचनमा उपस्थिति भई दिन हुने सम्बन्धमा**


यस नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषा जनकपुरधामको शाखा कार्यसमितिको निर्वाचन तपसिलको मिति, स्थान र समयमा हुने भएकोले उक्त निर्वाचनमा उपस्थित भै सहभागी हुन यस शाखाका सम्पूर्ण आजिवन र साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

पुनश्यः नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रको विधान २०३५ संशोधन २०६९ को परिच्छेद-७ को धारा २७ बमोजिम अयोग्य भएको व्यक्तिहरु निर्वाचनमा भाग लिन पाउने छैन।

**तपसिलः**

**मिति** : २०८२ साल जेष्ठ ३१ गते शनिबार।
**समय** : बिहानको ९:०० बजे।
**स्थान** : नेपाल अपाङ्ग संघ, जिल्ला शाखा धनुषा, रामानन्द चौक, जनकपुरधाम-८

**नन्द किशोर महासेठ**
**सभापति**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नेताहरुको अझै चेत खुलेन्

देशमा गणतन्त्र विरोधी शक्तिहरु सशक्त प्रदर्शन गरिरहेका छन् ।राजा आउ देश बचाउ भने नारा नयाँ नभए पनि अहिले त्यो नाराको पछाडि धेरै संख्या थपिएको छ । राजावादी दलहरु एकठाउँमा पुगेका छन् । उनीहरुले गणतन्त्रलाई फालेर पुनः राजतन्त्रलाई स्थापना गराउने मागलाई मूल मुद्दा बनाएको छ । राजतन्त्र स्थापनाका लागि संघीय राजधानी काठमाण्डुमा भारी भीड सहित प्रदर्शन भइरहेको छ । केही समय पहिले हिन्दू राष्ट्रको मागलाई अगाडि राखेर राजतन्त्रलाई पछाडि राखेका राजावादीहरु अहिले हिन्दू राष्ट्रलाई छाडेर राजा आउ देश बचाउको नारालाई नै अगाडि राखेको छ । राजावादीहरुको काठमाण्डुमा देखिएको भीड सामान्य छैन् । शान्तिपूर्ण रुपमा भइरहेको प्रदर्शन प्रारम्भिक चरणमा राज्यले तोकेको निषेधित क्षेत्रको सीमालाई पालना गर्दै निर्धारित समयमा फर्किने गरेका छन् । तर त्यसले आन्दोलनकारीहरुको मनोबल बढाउँदै गएको छ । उनीहरु अब उच्च मनोबलका साथ प्रदर्शन गरिरहेका छन् । त्यो प्रदर्शन निर्णायक हुने राजावादीहरुको दाबी छ । गणतन्त्र घोषणा अगाडि अर्थात राजाको सक्रिय शासन फाल्न भएको आन्दोलन पनि शान्तिपूर्ण नै थियो । शान्तिपूर्ण आन्दोलनको भीडले काठमाण्डुको सबै क्षेत्रलाई अस्तव्यस्त बनाएको थियो । त्यो आन्दोलनको बलमा नै देशमा राजाको सक्रिय शासन अन्त्य भएको थियो । त्यो आन्दोलनको जगमा नै देशमा गणतन्त्र स्थापना भएको थियो । अहिलेपनि स्थिति त्यसै तर्फ बढिरहेको छ । शान्तिपूर्ण आन्दोलनमा उर्लिदो भीडले काठमाण्डुको सबै क्षेत्रलाई अस्तव्यस्त बनाउन सक्ने संभावना बढ्दो छ । जनता सडकबाट नहटने स्थिति आए उनीहरुको माग सम्बोधन स्वभाविक रुपमा नै हुनेछ । गणतन्त्रवादी नेताहरुले जनबलको ताकतलाई समयमै बुझ्न आवश्यक छ । काठमाण्डुमा राजाको पक्षमा देखिएको भीड अस्वभाविक हो । तर त्यसको कारण देशमा भएको आर्थिक अनियमितता, चरम भ्रष्टाचारलाई प्रमुख रुपमा लिन सकिन्छ । देशका सत्तासीन नेताहरुप्रति फैलिएको नकारात्मक धारणा र त्यसले युवाहरुमा बढाएको वितृष्णा हो । राजावादी जुलुसमा सहभागीहरु मध्ये धेरै हालको शासन व्यवस्थाबाट निराश भएकाहरु छन् । तर नेताहरुको चेत खुलेको छैन् । देशका युवाशक्तिमा देखिएको निराशाले देशको सत्तालाई चुनौती दिएको छ । राजधानी काठमाण्डुको भीडलाई सामान्य रुपमा लिन हुँदैन् । सरकारको कृयाकलापबाट असन्तुष्ट रहेका विभिन्न संघसंस्थामा आबद्धहरु पनि त्यो जुलुसको हिस्सा बन्न सक्छन् ।सरकारबाट उपेक्षितहरु राजा आउ देश बचाउ आन्दोलनको हिस्सा बनेर क्षणिक सन्तुष्टि लिन सक्छन् । तर त्यसले देशको शासन व्यवस्थालाई परिवर्तन गर्न पनि सक्छ । जनतामा देखिएको आक्रोशको कारण सत्तासीन नेताहरुले समयमै पहिचान गर्न आवश्यक छ । नेताहरुको चेत खुल्न नसके उनीहरुमा रहेको ठूलो भ्रम समाप्त हुनेछ ।

# गणतन्त्रको उद्देश्य सत्ता नै हो त ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

नेपालमा गणतन्त्र अठारहौं बर्षमा प्रवेश गऱ्यो । विगतका बर्ष झैं यस बर्षपनि सङ्घीय सरकार र प्रदेश सरकारहरु गणतन्त्र दिवसको अवसर विभिन्न कार्यक्रम गरी राजकीय दायित्व पुरा गऱ्यो । तर, गणतन्त्रको लागि राष्ट्रियस्तर खासगरी, दलहरुलाई ऱ्याली लगायत कार्यक्रम गर्नुपर्ने थियो । हुन त यसपल्ट, राजावादीको कारण एमालेले काठमाडौंमा सभाको आयोजना गऱ्यो । प्रधानमन्त्री केपि ओलीले राजावादीलाई चूनौंति दिने उद्देश्य राखेर काठमाडौं नै कब्जागर्न कार्यकर्तालाई निर्देशनै जारी गरेको थियो ।

देशको प्रधानमन्त्रीका उक्त निर्देशनको विरोधका स्वरमा पनि उठ्यो । प्रधानमन्त्री पदको गरिमा आँच आएको भनेर विद्वतवर्गले उपहासपनि गरेका थिए । जेठ १५ गते कब्जागर्ने भनिएपनि राजावादीको पक्षको ऱ्यालीको तुलनामा एमालेको सभाको उपस्थिति कम थियो । राजावादी पक्षको ऱ्याली र सभानै बढी चर्चामा रह्यो ।

विश्वका कतिपय मुलुकमा गणतन्त्र दिवस बडो उल्लासमय वातावरणमा मनाउने गरिन्छ । नेपालमा गणतन्त्र दिवस एक औंपचारिकतामा सिमीत भएपनि आउँदो आर्थिक बर्षको वार्षिक बजेट सार्वजनिक गर्ने परम्परा बसालिएको छ । त्यसको यसपल्ट पनि निरन्तरता दिइयो । सम्भवतः नेपाल नै पहिलो देश हो, जसले गणतन्त्र दिवस दिन बार्षिक बजेट प्रस्तुत हुने गर्छ ।

२०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठकले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाका लागि राखेका प्रस्ताव अत्यधिक मतले पारित भएपछि २३८ बर्षीय राजतन्त्रको विधिवत रुपमा अन्त्य भएको थियो । अर्कोतर्फ, राजावादी पक्षधरहरु ज्ञानेन्द्रलाई पुनः राजगद्दीमा आरोहन गराउन गत, चैत र वैशाख महिनामा सडक आन्दोलनमा उत्रेको थियो । जेठ १५ गते पुनः सडकमा उत्रेका छन् । गणतन्त्रवादीको लागि जेठ १५ गते उल्लासमय रुपमा हेर्छन् भने राजावादी पक्षधरलाई पीडाको बोध गराउँछ । किनभने, सोही दिन ज्ञानेन्द्र राजगद्दीबाट विमुख हुनुपरेको थियो ।

वितेको पचह्त्तर बर्षको अवधिमा नेपालको शासकीय व्यवस्थामा पटक पटक उलटफेर भएको छ । त्यसको मुख्य कारणमध्ये भुतकालमा भएका गल्तिबाट पाठ सिक्न नचाहनु नै हो । भुतकालको केही न केही प्रभाव वर्तमानकालमा पर्ने गर्छ भन्ने विगतका अनुभवले पुष्टि हुन्छ । भविष्यलाई उज्जवल बनाउनका लागि वर्तमानकालमा जग बलियो बनाउनुपर्छ । संस्कृतमा श्लोक यस्तो छ, "अतीतस्य ज्ञानं भविष्यति प्रकाशम । इति इतिहासस्य पाठोऽवश्यक" अर्थात, अतीतको ज्ञानले भविष्यलाई प्रकाशमान बनाउँछ । तसर्थ, इतिहास पढ्नुपर्छ । नेपालको अतीतलाई हेर्दा, राजाले चलखेल छोडेको रहेनछ । अर्कोतर्फ, नेताले अवसर पाएपछि अतीतलाई विर्सेर सत्तामोहमा केन्द्रीत हुन्छन् । जसले गर्दा, विगतका उपलब्धि गुम्ने खतरा उत्पन्न हुने सम्भावना बढ्छ । जुन पटक पटक देखिएको हो । संविधान निर्माणपछि मुख्य दलहरु विगतका गल्ति नदोहराउने वाचाका साथै राजनीतिक स्थायित्व र मुलुकको विकासमा एक्यबद्ध भएर लाग्ने प्रतिबद्धता प्रकट गरेको थियो । गणतन्त्र स्थापनाको सत्रह बर्ष पुरा भएका दिन हजारौं मानिसहरु पूर्वराजालाई पुनः स्थापित गराउन काठमाडौंको सडक उत्रेको विषयले यि दलका शीर्ष नेताप्रति जनआक्रोस छ । जनता विकल्व खोजेका छन् । तर, नेतृत्वकर्ताहरुको हठवादी सोच कायमैं छ ।

राणाशासनको अन्त्यपछि २०१५साल फागुन १ गते नेपाल अधिराज्यको संविधान जारी भएको थियो । सो संविधानको भाग-४को १०मा कार्यपालिका शीर्षक अन्तर्गत कार्यकारिणी अधिकार राजामा निहित थियो । सो संविधान प्रजातान्त्रिक भएपनि राजालाई सशक्त बनाएको थियो । सो कारणले २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले प्रधानमन्त्री विपी कोइरालालाई अपदस्त गरेर सत्ता आफ्नो हातमा लिएका थिए । २०१९ सालमा पञ्चायती संविधान जारी भयो । संविधानको संरक्षक एवम् सर्वेसर्वा राजानै थिए । २०४६ सालको जनआन्दोलनपछि मुलुकमा पुनःप्रजातन्त्र स्थापना भयो । २०४७ सालको संविधान जारी भयो । सो संविधानमा राजाको अधिकारलाई सञ्कूचित गरी संविधानको मातहतमा ल्याइएको थियो । तर, ज्ञानेन्द्रले २०६१ सालमा सत्ता आफ्नो हातमा लिएपछि प्रजातान्त्रिक दलहरु ०६२/०६३मा दोश्रो जनआन्दोलन गऱ्यो । सो आन्दोलन सफल भएपछि मुलुक गणतन्त्रतर्फ अग्रसर हुँदै गयो ।

२०१५को संविधानलाई राजा महेन्द्र र २०४७को संविधानलाई ज्ञानेन्द्रले निष्कृय गरी सत्ता आफ्नो हात लिएका थिए । राजनीतिक दलहरु अतीतका घटना पाठ सिक्दै अव,राजा नबोक्ने निर्णयमा एकमत भए, सोको परिणामनै सङ्घीय गणतन्त्र हो ।

यसो हेर्दा, ज्ञानेन्द्रलाई पञ्चायत फर्काउने चाहना नै अन्ततः उनलाई राजगद्दीबाट मुक्त गराएको देखिन्छ । राजा वीरेन्द्रको वंशनासपछि पनि काँग्रेस र एमालेलगायतका दलहरु ज्ञानेन्द्रको लागि बाधक बनेको थिएन् । ज्ञानेन्द्रको रक्षाकवचको रुपमा रहेका काँग्रेस, एमालेलगायतका दललाई अलग्याएर सिधैं माओवादीलाई सखाप पार्न खोजेको थियो । माओवादीलगायत सवै दल मिलेर उल्टै ज्ञानेन्द्रलाई राजगद्दी छोड्न बाध्यो पाऱ्यो । ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएर आफ्नै खुट्टामा आफैं बन्चरो हानेको देखिन्छ ।

### गणतन्त्रको उपलब्धि

गणतन्त्रको पहिलो उपलब्धिको रुपमा राष्ट्रको सर्वोच्च पदमा जनताका सन्तानको हक स्थापित भयो ।

गणतन्त्र स्थापनादेखि अहिलेसम्म सोह्रपटक सत्ताको हस्तानान्तरण भएको छ । जनताले सत्तामा स्थायित्व र सुशासन खोजेको छ । तर, मुख्य राजनीति दलहरु सत्ताको खेलमै रुम्मिलिएका छन् । सत्ताधारी दलबीच भागवण्डाको विवादले देशका साथै जनतामा नकारात्मक प्रभाव परेको छ । हप्तेपिच्छे नयाँ नयाँ भ्रष्टाचार र अनियमितताको घटनाहरु सुन्दा सुन्दा दिक्क लाग्न थालेको छ । 'कारवाहीको नाममा हात्ती हात्ती आयो फुस्सा ।' चालीस लाखभन्दा बढी नागरिक रोजगारका लागि विदेशमा छन् । राज्य र परिवारलाई आर्थिक रुपमा सवल बनाएपनि अर्काको मुलुकमा रोजगारका लागि जानु नै पर्ने बाध्यताको दोषि गणतन्त्र हो कि देशका नेतृत्वकर्ता ? निश्चित रुपमा नेतृत्वकर्ताले रोजगार सृजना गर्न नसकेको हो ।

केही दिनदेखि भिजिट भिषावापत लाखौंको कमाई हुने गरेको चर्चा चुँलिएको छ । अतीतका भ्रष्टाचारसम्बन्धी चर्चाको तुलनामा भिजिट भिषाबापतको कमाइको चर्चा सामान्य शिष्टाचारको श्रेणीमा पर्छ । आतिनु पर्दैन । यो एकमात्र घटना होइन । भ्रष्टाचार र अनियमितताको सूचीमा यो पनि थपिएको भनेर सन्तोष गर्नुस । यस्तै हो, शुरुदेखि नै सुन्दै आएका छौं ।

मानवअधिकार, मौलिकहकका साथै प्रजातान्त्रिक अधिकारनै संविधानको मेरुदण्ड हो । संविधानमा सवैथोक अधिकार दिएपनि सोको कार्यान्वयन इमान्दारीपूर्वक नभएको खण्डमा दोष संविधानलाई दिनु उचित होइन् । संविधान भनेको देशको मूल कानुन हो । यसलाई कार्यान्वयनगर्ने व्यक्तिले गलत मनसाय राखेकाले जनतामा वितृष्णा उत्पन्न भएको छ । भ्रष्टाचार एवम् अनियमितताका घटनाहरु श्रृखलाबद्ध रुपमा उजागर भएपनि ढाकछोप गर्नतर्फ सरकारनै अग्रसर रहेको देखिएको छ ।

भनिन्छ, पाकिस्तानको सेनासँग देश छ, नेपालमा उहिले राजासँग देश थियो, गणतन्त्र आएपछि नेतासँग छ । संविधानले नागरिकलाई सर्वोच्च बनाएको छ । जनताले मतदान गरेलगत्तै उनको सर्वोच्चताको अन्त्य हुन्छ, त्यसपछि, नेताको सर्वोच्चता स्थापित भइरहेको अवस्थालाई स्विकारनुपर्ने बाध्यता छ ।

> मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपनि त्यसको मर्मलाई पूर्णरुपमा आत्मसात गर्न नसकेको हो । दलका नेतृत्वकर्ता सधैं आफैं नेतृत्व गरिरहने मनसायले गर्दा प्राय: सवै दलभित्र आन्तरिक कलह छताछुल्ल छ । यदि, यस्तै, अवस्था रहिरह्यो भने दलभित्र प्रजातान्त्रिक संस्कारको हनन् हुनेछ । जसले गर्दा, अन्ततः दलहरु विभाजनको शिकार हुने खतरा रहन्छ ।

टिलिक्क चम्किने बलियो र भरपर्दो गाडी भएपनि अनुभवी चालक नहुँदा दुर्घटना निम्तने खतरा रहन्छ । विश्वमैं लोकतान्त्रिक वा गणतान्त्रिक व्यवस्थालाई सवैभन्दा उत्कृष्ट व्यवस्था भएपनि सत्ताको नेतृत्वकर्ता लोकतन्त्रको मूलमर्ममाथि आघात गऱ्यो भने दोष नेतृत्वकर्ताको हो । मुलुक हाँक्ने नेताहरु कानुनी राज्यको अवधारणाअनुरुप कार्य गरेको भए राजतन्त्रको पक्षमा आवाज उठ्ने थिएन् ।

असल व्यक्तिको हातमा राजकीय सत्ता पुग्यो भने अभूतपूर्व परिवर्तन हुन सक्छ । असल व्यक्तिले देशमा आमूल परिवर्तनका लागि सर्वप्रथम समाजलाई नैतिकवान र चरित्रवान बनाउनका लागि संवैधानिक अधिकारलाई इमान्दारीपूर्वक कार्यान्वयन गराउँछ । सभ्य समाजमार्फत मुलुकमा सुशासन कायममा सहयोग पुग्छ । कानुनी राज्य स्थापित भएपछि निश्चित रुपमा गणतन्त्रको मुख्य लक्ष्यको प्राप्ति हुनेछ ।

दार्शनिक ओशोले "गलत व्यक्तिको हात देशको सत्ता पुग्यो भने पहिले आफ्नो हितमैं केन्द्रीत हुन्छ । राजनीति व्यक्ति स्वार्थको पूर्तिको माध्यम बनेपछि मुलुकमा कानुन राजको उपहास हुन्छ । अराजकताले प्रश्रय पाउँछ ।" तसर्थ, राजनीति जति स्वस्थ रहन्छ, त्यति नै जीवनको हरेक कार्य स्वस्थ रहन्छ । सत्ताधारी राजनीतिज्ञसँग धेरै शक्ति हुन्छ सो शक्तिको सदुपयोग गर्नुपर्छ ।

नेतालाई जनतामुखी हुनुपर्नेमा सत्तामुखी भएपछि राजनीतिक अस्थिरता देखिएको हो । सो कारणले जनता बढी आक्रोसित छन् । जनताको कोपभाजनको शिकार हुनबाट जोगिनका लागि विगत केही बर्षदेखि प्रधानमन्त्री वा राष्ट्रपतिलाई कार्यकारी अधिकार दिएर प्रत्यक्ष निर्वाचनबाट चयनगर्ने तर्क दिन थालेका छन् । उनीहरुले प्रत्यक्ष प्रणालीबाट चयन प्रधानमन्त्री वा राष्ट्रपतिले निर्वाध रुपमा पाँच बर्ष सरकार चलाउने छ । त्यसो भयो भने सत्ताले स्थायित्व ग्रहण गर्छ । यो त्यति सहज छैन् । संविधानको मेरुदण्डनै संसदीय प्रणालीमा आधारित छ । यसलाई त्याग्न संविधानमा व्यापक रुपमा संशोधनसँगै नयाँ नयाँ धाराहरु थप्नु पर्छ ।

कुनैपनि लोकतान्त्रिक एवम् गणतान्त्रिक व्यवस्थाको स्वतन्त्र न्यायपालिका, निर्वाचित प्रतिनिधि, नागरिक स्वतन्त्रता, सङ्गठित विपक्षी दल र कानुनको शासन यी मुख्य पाँच विशेषतालाई अङ्गीकार गर्नुपर्छ । सोमध्ये कुनै एक विशेषतामाथि आँच आयो भने अराजकता निम्त्ने खतरा रहन्छ । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको उद्देश्य कार्यान्वयनका लागि दलका नेतृत्व पक्तिमा राष्ट्र र जनताप्रति समर्पित हुनुपर्छ ।

सार्वजनिक हितमा बृद्धि, सार्वजनिक शिक्षाको व्यवस्था, देशभक्तिको भावना, संविधानप्रति आस्था, कला, साहित्य, संस्कृति र विज्ञानको प्रगतिमा सहायक र विश्व शान्तिको समर्थक । यी लोकतन्त्रको महत्वपूर्ण गुण हुन् । सोमध्ये कतिपय गुणलाई नेताहरुले आत्मसात गर्न नसकेको कारण मुलुक विकासको क्षेत्रमा पिछडिएको हो ।

भ्रष्टाचार उपल्लोस्तरबाट तल्लोस्तरमा फैलिन्छ । भ्रष्टाचारलाई निर्मूल पार्न माथिल्लोस्तरका नेता र पदाधिकारीलाई भ्रष्टाचार न्यूनीकरण गर्न दृढ निश्चयी हुनुपर्छ । त्यसो नभएसम्म भ्रष्टाचारलाई रोक्न असम्भव छ ।

मुलुकमा पुनः प्रजातन्त्रदेखि गणतन्त्र स्थापनाका लागि पटक पटक वलिदान गरेका नेताले अतीतलाई विर्सेका छन् । सुखमय जीवनमा रमाएका छन् । बर्षौबर्षसम्म कारागारमा बस्नु परेको, जङ्गलको बसाईसँगै कष्टप्रद जीवन विताएका दृश्य मानसपटलबाट विस्मृत भएको छ जस्तो लाग्छ । नत्र, जनताको पीडालाई विर्सने थिएन् । माओवादीहरु जनताहरुको उज्ज्वल भविष्यका लागि जनयुद्ध नै गरेको थियो । त्यो त उज्जवल भविष्य नेता र सक्रिय कार्यकर्तामा मै सीमित रह्यो । सानो मुलुक नेपालका जनताको दयनीय आर्थिक अवस्थाको बारेमा थाहा हुँदाहुँदै पनि यत्रो दुःख कष्ट यातनाबाट खारिएका नेताहरु मुलुकको नेतृत्व गर्दा पनि किन जनताको आधारभूत आवश्यकता पनि पूर्ति गर्ने विषय मात्र भाषणमैं सीमित भयो । गणतन्त्र दिवस दिन वितेका घटनालाई स्मरण गरेको भए, मुलुकको कायापलटमा दलहरु संयुक्त रुपमा मार्गचित्रमा कार्य गर्ने थियो ।

मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपनि त्यसको मर्मलाई पूर्णरुपमा आत्मसात गर्न नसकेको हो । दलका नेतृत्वकर्ता सधैं आफैं नेतृत्व गरिरहने मनसायले गर्दा प्रायः सवै दलभित्र आन्तरिक कलह छताछुल्ल छ । यदि, यस्तै, अवस्था रहिरह्यो भने दलभित्र प्रजातान्त्रिक संस्कारको हनन् हुनेछ । जसले गर्दा, अन्ततः दलहरु विभाजनको शिकार हुने खतरा रहन्छ ।

राजनीति एक सुरक्षित र भरपर्दो व्यवसायको रुपमा परिणत भएको सर्वसाधारणको बुझाइ छ । किनभने, एकपटक निर्वाचित भएपछि सो जनप्रतिनिधिको रहनसहन र जीवनशैली तुलनात्मक रुपमा फेरिएको देखिन्छ । जनता सवै हेरिरहेका छन् । अव, जनतापनि बुझ्न थालेका छन् । कर्मचारीको तलव र देश विकासमा हाम्रोपनि लगानी छ । अर्थात, जनताको करबाट विकास हुन्छ । तसर्थ, भ्रष्टाचार हुन नदिनका लागि जनता सडकमा उत्रियो भने सत्ताधारी दलको लागि अवस्था विकराल हुनेछ । समय छ, अवपनि दलहरु सचेत भएन भने नेताको गलत मनोवृतिको शिकार कतै गणतन्त्र नहोस् ।'इतिश्री'

# धूम्र्रपानको लतले बिगारेको शारीरिक र मुख स्वास्थ्य

**डा प्रकाश बुढाथोकी**

विश्व स्वास्थ्य सङ्गठनले केही वर्षअघि गरेको सर्वेक्षणमा मुलुकको ७२ प्रतिशत घरमा न्यूनतम एक व्यक्ति धूम्र्रपान गर्ने गरेको पाइएको छ । यसमा १२ प्रतिशत व्यक्ति १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य वस्तुको सेवन सुरु गर्ने गरेका छन् ।

विश्वका विभिन्न देशमध्ये नेपाल धूम्र्रपान सेवन गर्नेमा अग्रस्थानमा छ । नेपालमा ७३ प्रतिशत व्यक्तिले सुर्तीजन्य पदार्थको कुनै न कुनै रूपको सेवन गर्ने गरेको तथा कम्तीमा एक पटक अनुभव गरेका पुगनपुग ९० प्रतिशत भएको एक अर्को अध्ययनले देखाएको छ ।

अरु त अरु २५ प्रतिशत शहरी क्षेत्रका गर्भवतीले पनि धूम्र्रपान गरेको पाइन्छ । ७७ प्रतिशत भन्दा बढी महिला, ८९ प्रतिशत भन्दा बढी पुरुषद्वारा कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवन गर्ने गरेको अनुमान छ मेरो दुई हजार १३९ विभिन्न कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविरमा आएकाको मुख परीक्षण गर्दाको ।

अम्मल सुर्तीजन्य पदार्थको सेवन सारा विश्वको लागि टड्कारो समस्या बनिरहेकोमा नेपाल अछुतो रहने कुरा भएन । यसैमा अझ विगत १५ वर्षमा सुर्तीजन्य पदार्थको खपत एकहजार २०० गुणाले बढ्दा उत्पन्न शारीरिक, मानसिक, पारिवारिक, आर्थिक, सामाजिक र वातावरणीय असर सम्झँदा नै कहाली लाग्ने भएको छ । यिनै समस्याहरूको समाधानमा सहयोग पुऱ्याउन सुर्ती सेवनबाट उत्पन्न जटिलताहरू, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएको वारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पारी अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मुल गर्न विश्व स्वास्थ्य संगठनद्वारा हरेक वर्ष मे ३१ मा बिश्व धूम्र्रपानरहित दिवस मनाइने गरिन्छ ।

### धूर्म्रपान भन्नाले के बुझिन्छ ?

सुर्तीजन्य वनस्पति प्रमुखतर्या "निकोटीयना रस्टीका र निकोटीयना टोवाकम"को पात सुकाएर सिधै वा विभिन्न प्रक्रियाद्वारा प्रशोधन गरी वा प्रशोधनपछि अन्य तत्वहरू मिलाएर प्याकेटमा राखी बनाइएका चुरोट, विडी, सुर्ती, सुल्फा, जर्दा, पराग र गुट्खा इत्यादिमा हुने निकोटिन नामक रसायनिक पदार्थलाई कुनै पनि माध्यम चाहे मुख, म्युकोसा, नाक वा छालाबाट होस शरीरले ग्रहण गर्नु वा अवशोषित गर्नुलाई धूम्र्रपानको सङ्ज्ञा दिइन्छ । यो धुवाँ सेवनमात्र नभएर सुर्ती सेवन हो र एक प्रकारले दुर्व्यसन हो ।

### सुर्ती सेवन कुन कुन रूपमा गरिन्छ त ?

सुर्ती धुवाँको रूपमा वा धुवारहितका विभिन्न रूपहरूमा खाने गर्ने गरिन्छ । धुवाँको रूपमा - नेपालमा ५५ प्रतिशत नागरिकले धुवाँको रूपमा सुर्ती सेवन गर्दछन् । आर्थिक हैसियतअनुसार सिगार, चुरोट, विडी, चिलम, तमाखु, ककड, पाइप त्यसैमा अझ घरानीया र बुढाबुढी छन् भने हुक्का, हुकली, चुट्टा, घुम्टीको रूपमा सुर्ती सेवन गर्दछन् । गाउँका महिलाहरू जो बच्चाका आमा हुन्छन् उनीहरूले चुरोट, बिडी उल्टोमुखी सेवन गरेको पाइन्छ ।

धुवाँरहित रूपमा-हाम्रो मुलुकका ४५ प्रतिशत नागरिकले सुर्ती धुवाँरहित रूपमा प्रयोग गर्दछन् । आजकलका युवावस्था र केटीहरूमा यस्तो रूपको धूम्र्रपान सेवन बढी नै देखिन्छ । यसमा चपाएर प्रयोग गर्ने सुर्ती - पानसँग, सुपारीसँग वा सुर्ती मात्रै जस्तै जर्दा, मावा मुखमा राखी रस लिने/चुस्ने सुर्ती - जस्तै खैनी, मैनपुरी सुर्ती, नास, निस्वार, सुर्ती र चुन .दाँत गिजा वा मुखका अन्यमा भागमा लेप्ने सुर्ती - जस्तै बजार दाँत सफा गर्न (मंजनको रूपमा) प्रयोग गरिने सुर्ती - जस्तै गुल, गुडाखु, मिश्री, मसेरी र वास/गन्ध लिने सुर्ती - जस्तै स्नफजस्ता थुप्रै रूप र नामले सुर्तीको सेवन गरेको पाइन्छ नेपालमा ।

### नकारात्मक असर

एक खिल्ली चुरोटले मानिसको आयु साढे पाँच मिनेट हरेक वर्ष १ महिना र ५० वर्षमा चार वर्ष घटाउँछ । त्यसैमा पनि धूम्र्रपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन । वरीपरी बस्ने मानिसलाई पनि खराब असर पुऱ्याउँदछ । कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूम्र्रपान नै हो । यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले र विभिन्न दुई तिहाइजति क्यान्सरहरू बनाउँछ । सुर्ती सेवनले नकारात्मक असर नपार्ने शरीरको कुनै पनि अङ्ग, तन्तु र रोग नभएको जानकारी छ ।



दाँत, छाला र औँलाहरू निकोटिनले पहेंला त्यसपछि कालो बनाउँछ । रक्तनली एवं भल्भमा निकोटिन जम्दै जाँदा बोसोको मात्रा बढ्दै जाँन्छ । साँघुरिँदै जान्छ । धूम्र्रपानले मायोकार्डीयल इन्फार्क शन, हटफेल र हृदयाघात हुने संभावना तीन गुणा बढाउँछ भने मुटुसम्बन्धी रोगहरू पाँच गुणा बढी हुन्छ । खुट्टामा थोम्ब्रोएण्जाइटिस अवलीटेरन्स हुन्छ । छाती सम्बन्धी रोगहरू दम, खोकी बढ्ने, टिबि (क्षयरोग) निमोनिया, ब्रोङकाइटिस, जीर्ण फोक्सोगत रोगहरू र चाहिने अक्सिजन लिन नसकी स्याँ स्याँ हुन्छ । घुर्ने समस्या बढाउँछ । शरीरको प्रतिरक्षा शक्ति कमजोर हुन्छ । श्रवणशक्ति कमजोर बनाउँछ, दिमागको कोषलाई असर पारी आई.क्यू लेबल पनि घटाउँछ । समयपूर्व नै छालामा चाउरी पर्ने गराउँछ । कम निद्रा लाग्ने, सुत्दा निद्रा नलाग्न, औषधिले काम नगर्ने, औषधि विरुद्ध अवरोध सृजना गराउने गर्दछ ।

धूम्र्रपान नगर्नेलाई भन्दा गर्नेलाई क्यान्सर हुने अधिक संभावना रहन्छ । हुने गरेका क्यान्सरमा ९० प्रतिशत भन्दा बढी मुखको क्यान्सर, ८५ प्रतिशत फोक्सोको क्यान्सर, स्वरयन्त्र, अन्ननली, मुत्राशय, पित्ताशय, आमाशय, छालाको, पाठेघर, स्तनको क्यान्सर,पेटको, मिर्गौला को फियोको क्यान्सरको कारक धूम्र्रपान नै पाइएको छ । जम्मा क्यान्सरमध्ये ६५ प्रतिशत धूम्र्रपानले नै गराउँछ ।. पुरुषमा नपुंशकता र महिलामा बाँझोपन, मांशपेशी कमजोर, हाड कमजोर, मोतिया विन्दु, चपाउने सुर्ती प्रयोग गर्नेमा पेट दुख्ने, पटक पटक थुकिरहनुपर्ने, पेट बोकेकी आमामा शारीरिक र मानसिक रूपमा असक्षम कमजोर, रोगी र अंगभंग बच्चा जन्मने, समयपूर्व बच्चा जन्मने, बढी गर्भपतन, जन्मेको बच्चा २८ दिनमै मर्ने, कम तौलको बच्चा, बालमृत्यु दर बढी, असफल गर्भाधानको प्रबल संभावना । खेलाडीमा चाँडै थाक्ने र स्टामिना घटाउँदछ । ३० वर्षको धूम्र्रपानकर्ता र ४२ वर्षको धूम्र्रपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पुरा गर्दछन् । एक चुरोट प्रतिदिनले, ४० सेकेण्ड दौड्ने क्षमता कम गराउँदै लगेको वैज्ञानिक पुष्टि पनि छ । छोरा हुने संभावना घटाउँछ । क्रोमोजोमलाई निकोटिनले असर पारी पुरुषको प्रजनन् क्षमतामा कम, शुक्राणु नोक्सान र महिलाको पाठेघरमा नरभ्रुण बस्न नदिने अवस्था ल्याउँछ ।. कपाल र लुगा फोहोर हुने, तालु खुइलिने, कपाल झर्ने, छाला पत्रिँदै फुस्रो हुने (सोरियासीस), अनुहारको चमक हराएर चाँडै चाउरी पर्ने, ओठ सुख्खा, नीलो वा कालो भई सुन्दरता नष्ट भई कुरूप बनाउँछ ।

धूम्र्रपानले मष्तिष्कमा रक्तश्राव गराउनसक्छ र पक्षघात भई मृत्यु हुन सक्छ । खानामा रुची कमी, पेटमा अल्सर, पेटमा गडबडले गर्दा कुपोषण हुन्छ । दम, खोकी, स्याँ-स्याँ र कमजोरीका कारण कामबाट वन्चित भै अम्मली गरिबीको दलदलमा फस्दछन् ।. मासिक श्रावमा गडबडी, स्नायु नशा तथा धमनी सुन्निने, मधूमेह बनाउँछ । निकोटिनको दीर्घकालीन असर हातखुट्टामा पनि परी हातखुट्टामा बढी जाडो महसुस गरेको, औंला र जोर्नी दुखेको तथा बर्गर रोग लागेको देखीन्छ ।

### सुर्तीमा के छ र यति धेरै रोग लगाउन सक्ने ?

सुर्तीलाई परापूर्वकालमा औषधीको रूपमा, घरानियाको प्रतिकको रूपमा र धार्मिक रूपमा प्रयोग गरिएता पनि प्राचीनकालमा नै यसका बेफाइदा थाहा भइसकेको कुरा प्राचीनकालमा टर्कीमा धूम्र्रपान गर्नेलाई मृत्युदण्ड दिने चलन र रुसका राजा जारहरूद्वारा धूम्र्रपान गर्ने प्रजाहरूलाई कोर्रा लगाउने, नाक काटिदिने र साइबेरिया पठाइदिने प्रथाबाट प्रष्ट हुन्छ तर वैज्ञानिक आधार पत्ता लागेको ५० वर्ष मात्र भएको छ ।

अप्रशोधित सुर्ती वा ककडमा २५०० भन्दा बढी रसायनिक तत्व हुन्छन् भने ४३ तत्वहरू कार्सीनोजन हुन्छन् । यही सुर्तीलाई धुवाँको रूपमा सेवन गर्दा ४००० रसायन हुन्छ । जसमा ४०० विषालु पदार्थ ९५ प्रतिशतभन्दा बढी ग्यासहरू र ६० भन्दा बढी क्यान्सर बनाउन सक्ने तत्वहरू हुन्छन् । त्यस्तै अन्य तत्वसँग मिसाउँदा जस्तै चुना प्राणघातक रोग तथा क्यान्सर लाग्ने खतरा धेरै बढाउँछ ।

उक्त कार्सीनोजन तत्वहरूमा टोबाको स्पेसिफिक नाइट्रसअमाइन, पोलीन्युक्लीयर एरोमेटीक हाइड्रोकार्वन, टार, खोटो फेनोल, क्रेसोल, क्याटेकोल, न्याप्थुलअमाइन, बेन्जोपाइरिन, हाइड्राजिन, भिनाइल क्लोराइड, निकोटिन, कार्वनमोनोअक्साइड, कार्वनडाइअक्साइड, नाइट्रोजनका अक्साइड, साइनाइड, फर्मलडीहाइड, ट्रेस धातुहरू, निकल, आर्सेनिक, पोलोनियम-२१० इत्यादि पर्दछन् । प्रमुख प्राणघातक रसायनमा निकोटिन, खोटो र कार्वनमोनोअक्साइड पर्दछन् । एसीटोन, एमोनिया, आर्सेनिक, वेन्जीन, फर्मालीन जस्ता तत्वहरूले चुरोटको धुवाँमा रहेको विषाक्ततालाई थप उर्जा दिन्छन् ।

### धूम्र्रपान विरुद्धमा नेपालमा के गर्नुपर्ला त ?

धूम्र्रपानले व्यक्ति, समाज, परिवार र राष्ट्रलाई नै अधोगति गराउने हुनाले यसको विरुद्ध राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ । नेपालमा धूम्र्रपान विरुद्धको अभियानमा निजी, सरकारी, गैरसरकारी, सङ्घसंस्था थुप्रै लागेका छन् तर तिनमा सामन्जस्यको कमी छ भने यस अभियानको दायित्वबोध सबै सङ्घसंस्था, संचारमाध्यम र तपाई, म, हामी सबै नागरिक समाजले नगर्दा यो प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन । धूम्र्रपान जस्तो समाजको साझा समस्यालाई सामुहिक पहलबाट सामाजिक बहिस्कार गर्ने, धूम्र्रपान विरुद्ध अभियानलाई निरन्तर प्रक्रियाका रूपमा वर्षको ३६५ दिन नै सक्रिय रूपमा अघि बढाउनु पर्छ ।

# बजेट पर्यटनमैत्री : होटल सङ्घ




काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२ / ८३ को बजेटप्रति होटल व्यवसायीहरुको छाता सङ्गठन उत्साहित भएको छ । सरकारले बजेटमार्फत होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योगसरह आयकर र विद्युत महशुल छुट दिने घोषणाको होटल सङ्घ नेपालले स्वागत गरेको हो । सङ्घद्वारा जारी विज्ञप्तिमो दशकौंदेखिको यो माग पूरा भएकोमा सरकारलाई धन्वाद ज्ञापन गर्दै यो घोषणाबाट होटल उद्योले पुर्‍याएको योगदानको कदर भएको जनाएको छ ।

काठमाडौं,पोखरा,भैरहवाका अन्तरराष्ट्रिय विमानस्थलको सेवा र सञ्जालको द्रुत विस्तार गर्दै पर्यटकीय गन्तव्य जोड्ने स्तरोन्नती भइरहेका राष्ट्रिय राजमार्गको समयावद्ध निर्माण, नेपाल एयरलाइन्सको सुधार, नेपाललाई हवाई उडान सुरक्षा सूचीबाट बाहिर ल्याउने घोषणा महत्वपूर्ण रहेको जनाइएको छ ।

पर्यटन क्षेत्रबाट देशले पाउने व्यापक आर्थिक लाभ बढाउन बजेटले पर्यटकको बसाई लम्बाउन र उनीहरुको खर्च बढाउन उच्च हिमाली, पहाडी, तराईका साथै प्रदेशका थप पर्यटकीय गन्तव्यको विकास र पर्यटकहरुले गर्ने साहसिक, धार्मिक, सांस्कृतिक, चलचित्र, आरोग्य, खेल लगायतका पर्यटकीय गतिविधिहरु बढाउन लिइएको पहल सकारात्मक रहेको होटल सङ्घले जनाएको छ ।

सीमा क्षेत्रको पर्यटन गतिविधि क्रस बोर्डर टुरिजम बढाउन सीमा नाकाहरुमा स्वागत तथा सेवा केन्द्र, स्वयम्भूनाथ, हनुमानढोका, पशुपतिनाथ र बौद्धनाथजस्ता युनेस्को सूचीकृत सम्पदाहरुमा सन्ध्याकालीन सम्पदामार्ग विकास गर्ने, देशैभरिका पर्यटकीय आकर्षण रहेका स्थलहरुमा सुरक्षित पर्या-पर्यटन पदमार्ग विकास गर्ने बजेटको सकारात्मक पक्ष रहेको संघको भनाइ छ र हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा ल्याउन पाउने व्यवस्थाबाट पर्यटकलाई सुविधा तथा खर्च गर्ने क्षमता बढाउने जनाउँदै सङ्घले भुकुटीमण्डपलाई अन्तरराष्ट्रियस्तरको सम्मेलन केन्द्र बनाउने घोषणको स्वागत गरेको छ ।

बजेटले आर्थिक कुटनीतिमार्फत पर्यटन विकासमा निजी क्षेत्र तथा गैरआवासीय नेपालीसमेतको सहकार्यमा गर्ने, आधुनिक प्रविधि उपयोग गरेर पर्यटन गतिविधि सञ्चालन गर्ने बजेटको सवल पक्ष रहेको सङ्घले जनाएको छ । दुई प्रतिशत विलाशिता कर र १३ प्रतिशत हवाई भाडामा लगाइएको मूल्य अभिवृद्धिकर नहटेको परिप्रेक्ष्यमा स्वदेशी पर्यटकीय सेवा महँगो भई कम प्रतिस्पर्धी भएको अवस्थामा घोषित पर्यटकीय विकासका कार्यहरु प्रभावकारी कार्यान्वयन गरी सेवाको स्तरीयता र प्रतिस्पर्धी बनाउनु आवश्यक रहेको पनि सङ्घले जनाएको छ ।

बजेटबाट विद्यमान पर्यटन पूर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार र प्रभावकारी बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र भरपर्दो पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ गर्ने लक्ष्य प्राप्तिमा निजी क्षेत्रको अग्रणी भूमिका र योगदान खोजिएको सराहना गर्दै थप पर्यटनको विकासमा आवश्यक लगानी र खासगरी भारत र चीन केन्द्रित अन्तर्राष्ट्रिय प्रवर्द्धनमा पनि निजी क्षेत्रलाई अग्रणी भूमिका प्रदान गरिएबाट निजी क्षेत्र प्रोत्साहित हुने सङ्घले विज्ञप्तिमार्फत जनाएको हो ।रासस

# अब पछाडि फर्कन सम्भव छैनः प्रधानमन्त्री

**"व्यक्तिगत महत्वाकाङ्क्षा छोडेर राष्ट्रिय हित र परिवर्तनको हित एवं समृद्ध नेपाललाई ध्यान दिएर अगाडि बढेमा एमालेको एकल बहुमत ल्याउन कसैले रोक्न सक्दैन । विभाजन हुँदा पनि हामी लोकप्रिय पार्टी बन्न सकेका छौं । आज एमालेलाई सिध्याइदिन्छु र भित्तामा लगेर टाँसिदिन्छु भन्ने कसैको हैसियत छैन । त्यसकारण हामी मिसन २०८४ मा अघि बढेका छौं । यसमा जो जहाँ छौं, त्यहाँबाट योगदान गरौं ।"**

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निरङ्कुश राजतन्त्रमा विकास र सुशासनका हुन नसकेकाले जनताको लामो सङ्घर्षबाट स्थापना भएको लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्नु सबै पेसाकर्मीको उत्तरदायित्व भएको बताउनुभएको छ ।



राष्ट्रिय स्वास्थ्यकर्मी महासङ्घ नेपालको पाँचौ राष्ट्रिय महाधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले सबैले सँगै लडेर ल्याएको लोकतन्त्र र प्राप्त उपलब्धिलाई रक्षा गर्दै यसलाई अझ सुदृढ बनाउनेतर्फ सबै पक्ष लाग्नुपर्ने बताउनुभयो ।

"निरङ्कुश हुकुमी शासनकालमा यस्ता सङ्घसङ्गठन खुल्ने स्थिति थिएन । अहिले तपाईंहरु पेसागत र व्यावसायिक जिम्मेवारीका साथ राष्ट्रिय उत्तरदायित्व बोकेर अगाडि बढ्नुभएको छ ।", विकासको पथमा अग्रसर हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "यही जेठ १५ गते हामीले गणतन्त्र उत्सव मनायौं । राजतन्त्र पक्षधरहरुले विरोध प्रदर्शन गरे । लोकतन्त्रमा विरोध गर्ने उनीहरुको अधिकार हो । राजतन्त्र फर्काउने होइन, देशलाई सुशासन र विकासको बाटोमा अगाडि बढाउने हो । "

प्रधानमन्त्री ओलीले करिब दुई सय४० वर्ष राजतन्त्रात्मक शासन व्यवस्थामा देशको अवस्था र प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र कालमा राष्ट्रमा भएका प्रगति र परिवर्तनका मनन गर्न आग्रह गर्नुभयो । आफूविरुद्ध अशिष्टतापूर्वक अभिव्यक्ति दिनेहरुले विगतलाई बिर्सन नहुने उहाँको अभिमत थियो ।

गणतन्त्रको रक्षा गर्नु हरेक सचेत नागरिकको दायित्व भएको दोहोर्‍याउँदै प्रधानमन्त्रीले आफूले लडेर ल्याएको व्यवस्थाको रक्षार्थ एकताबद्ध भएर उभिनुपर्नेमा जोड दिनुभयो । उहाँले "प्रणालीमा केही कुरा फेर्न परे हामी यसलाई अझ सुन्दर लोकतन्त्र बनाउने गरी फेर्छौं तर प्रतिगमन अब सम्भव छैन", भन्नुभयो ।

गुणस्तरीय एवं सर्वसुलभ स्वास्थ्य सेवालाई सरकारले प्राथमिकता दिएको बताउँदै प्रधानमन्त्री ओलीले कुनै पनि नागरिक बिरामी नपरुन् भन्नेतर्फ आफ्नो ध्यान गएको बताउनुभयो । उहाँले भन्नुभयो, "बिरामी भएमा उपचार गर्ने त छँदैछ, त्यो भन्दा पहिला बिरामी हुन नदिनेतर्फ लाग्नुपर्छ । सस्तो र सजिलोसँग कसरी स्तरीय उपचार दिन सकिन्छ भन्ने भावनाका साथ काम गर्न स्वाथ्यकर्मी सधै दत्तचित्त रहनुपर्छ ।"

चिकित्सा विज्ञानका कारण असाध्य रोगको पनि उपचार सम्भव भएको तथा आरोग्यतर्फ यसले मानवलाई उन्मुख गराएको वास्तविकता सुनाउँदै प्रधानमन्त्री ओलीले चिकित्सा क्षेत्रको महत्व मान्छेको आयुसँग जोडिएकाले स्वास्थ्यकर्मीलाई आफ्नो राष्ट्रिय दायित्वबाट बिमुख नहुन अनुरोध गर्नुभयो ।

"भगवान्मा विश्वास गर्नेहरुको म चित्त दुखाउन चाहान्न तर मैले डक्टर र नर्सहरुले कठिन परिस्थितिमा पनि बिरामीलाई बचाएको देखेको छु । त्यस कारण म भन्छु, 'डक्टरर्स आर ग्रेट' । आज स्वास्थ्य क्षेत्रले असाधारण विकास गरेको छ । हामीले प्रतिरोधभन्दा निरोधात्मक उपायतर्फ लाग्नुर्छ । यसमा महासङ्घले सक्रिय भूमिका निर्वाह गरोस् भन्ने मेरो कामना छ", चिकित्सक र चिकित्सा क्षेत्रको महत्ता दर्शाउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो ।

राष्ट्रियहित, परिवर्तन र समृद्धिलाई ध्यान दिएर अघि बढेमा एमालेको एकल बहुमत आउँछ

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले व्यक्तिगत महत्वाकाङ्क्षा नभई राष्ट्रियहित, परिवर्तन र समृद्ध नेपाललाई ध्यान दिएर अघि बढेमा आगामी निर्वाचनमा एमालेको एकल बहुमत आउने बताउनुभएको छ ।

नेपाल बुद्धिजीवी परिषद्को ११औं राष्ट्रिय महाधिवेशनको शनिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशभित्र र बाहिरका अनेकथरी स्वार्थको टक्कर गर्नेहरुले मोर्चाबन्दी गरेर एमालेविरुद्धमा लागेर झण्डै दुई तिहाइमा पुगेको पार्टीलाई विभाजन गराए पनि त्यस स्थितिबाट अब पार्टी सुदृढ भइसकेको बताउनुभयो ।

"भविष्यमा पनि अयोग्य हुनेगरी प्रतिक्रियावादीहरुले मलाई साधारण सदस्यबाट पनि हटाएको घोषणा गरे । विचार र विकासको नायक पार्टीलाई सिध्याउँछु, धुलो चटाउँछु भने । यी सबै घेराबन्दी र मोर्चाबन्दीलाई पराजित गरेर एमाले फेरि मुलुकको लोकप्रिय पार्टी बन्यो", अध्यक्ष ओलीले भन्नुभयो, "व्यक्तिगत महत्वाकाङ्क्षा छोडेर राष्ट्रिय हित र परिवर्तनको हित एवं समृद्ध नेपाललाई ध्यान दिएर अगाडि बढेमा एमालेको एकल बहुमत ल्याउन कसैले रोक्न सक्दैन । विभाजन हुँदा पनि हामी लोकप्रिय पार्टी बन्न सकेका छौं । आज एमालेलाई सिध्याइदिन्छु र भित्तामा लगेर टाँसिदिन्छु भन्ने कसैको हैसियत छैन । त्यसकारण हामी मिसन २०८४ मा अघि बढेका छौं । यसमा जो जहाँ छौं, त्यहाँबाट योगदान गरौं ।"

उहाँले देशमा सङ्क्रमणकालमा रहेको र देशले सही निकास खोजिरहेकाले देशको परिस्थितिमा सुधारका लागि बुद्धिजीवीको भूमिका रहने भएकाले त्यसअनुसार सक्रिय हुन आग्रह गर्नुभयो । प्रधानमन्त्री ओलीले सही कुराको समर्थन गर्दा कसैले झोले भनेर आलोचना गरे पनि परिवर्तन र जनताको झण्डा बोक्न नछोड्न आग्रह गर्नुभयो ।

"म एमालेको झोले हुँ । यतिभन्दा एमालेको विरोधीहरुलाई चित्त बुझ्छ होला । म यो झोलामा देश र जनताको परिवर्तनको चाहनालाई बोकेर हिँड्छु । यसमा मलाई गर्व छ", अध्यक्ष ओलीले भन्नुभयो, "जेमा पनि खोट देख्ने तथा कथित आलोचनात्मक चेतबाट माथि उठ्नुस् । ढुक्क भएर राष्ट्रिय एकता र परिवर्तनको सही विचारलाई गौरवका साथ बोकेर हिँड्नुस् । तपाईंहरु बुद्धि बेचेर खाने वर्गमात्रै होइन, बौद्धिक वर्ग हो । देशलाई नोक्सान पार्ने र बेठिक गर्नेहरुको विरोध गर्नुस् । सही विचार बोक्नेहरुलाई अझ सुधारका लागि उपयुक्त सुझाव दिनुस् ।"

एमालेले राष्ट्रिय एकतालाई सर्वोपरी ठान्ने स्पष्ट गर्दै उहाँले लोकतन्त्र र संविधानको रक्षा गर्नुपर्ने समयमा पृथ्वीपथका नाममा राजतन्त्र पुनःस्थापाको कुरा उठाउनु अप्रसाङ्गिक हुने टिप्पणी गर्नुभयो ।एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत सहभागी कार्यक्रममा विभिन्न विधाका बुद्धिजीवीलाई सम्मान प्रदान गरिएको थियो ।

## गृहमन्त्रीको राजीनामा मागिनु निराधार र अनुचित

प्रधानमन्त्री केपी शर्मा ओलीले एक जना कर्मचारीमाथि प्रश्न उठेकै भरमा प्रतिपक्षी दलले गृहमन्त्री रमेश लेखकको राजीनामा माग्नु निराधार र अनुचित भएको बताउनुभएको छ ।

कान्तिपुर मिडिया ग्रुपद्वारा शनिबार आयोजित 'हाफ म्याराथन'को शुभारम्भपछिको छलफलमा प्रधानमन्त्री ओलीले गृहमन्त्री लेखकमाथि कुनै आरोप नलागेको र कुनै निकायले छानबिन नगरेको अवस्थामा प्रतिपक्षी दलले असम्भव माग राखेर सदन अवरोध गर्न नहुने बताउनुभयो ।

"म प्रतिपक्षको बोल्ने र माग राख्न पाउने अधिकारको सम्मान गर्छु तर माग राख्दा वा विरोध गर्दा आधार चाहीँ चाहिन्छ । गृह मन्त्रालय मातहत धेरै कर्मचारी छन् । एउटा कर्मचारीलाई अख्तियारले बोलायो । बयान लिएको सुनेको छैन । प्रतिपक्षलाई त यो सरकार नै मन परेको छैन, उसले माग बढाएर सरकारकै राजीनामा मागे पनि अस्वभाविक मान्नुपर्दैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "पोहोर तत्कालीन गृहमन्त्रीको राजीनामा मागिँदा उहाँमाथि गृह मातहतको सिआइबीले छानबिन गरिरहेको थियो । अहिले त्यस्तो अवस्था होइन त्यसकारण अहिले विरोध गर्न निहुँ नपाएर निहुँ खोजिएको मात्रै हो । यसरी विरोध गरिएको छ कि मानौं ३५ किलो सुन नै ओसारिएको छ, त्यस्तो अवस्था होइन ।" उहाँले बच्चाहरूले झोला वा खेलौना हात्ती किनिदेउभन्दा किनिदिन सकिने भए पनि सक्कली हात्तीलाई झोलामा हालिदेउभन्दा हाल्न नसकिएजस्तै विपक्षीले मागेअनुसार गृहमन्त्रीको राजीनामाको माग पूरा हुन सम्भव नहुने बताउनुभयो ।

कुनै पार्टीभित्रका समस्या वैयक्तिक आकाङ्क्षा-ध्रुवीकरणहरू हुन सक्ने र त्यसका आधारमा विरोध आउन सक्ने भए पनि घर झगडा घरभित्रै गर्न तर आँगनमा निस्किएर छिमेकीलाई 'डिष्टर्ब' हुने गरी नगर्न प्रधानमन्त्री ओलीको आग्रह थियो ।

संसद्मा प्रस्तुत बजेटका सन्दर्भमा सोधिएको प्रश्नमा प्रधानमन्त्री ओलीले बजेट यथार्थपरक र सम्भव हुने हिसाबले यस पटकको बजेट आएको जवाफ दिनुभयो । "हामीलाई त्यसै पपुलिष्ट हुनु छैन । राम्रा काम गर्नु छ । यथार्थभन्दा बाहिर गएर बजेट ल्याउनु भनेको अर्थतन्त्रलाई विनासको बाटोमा लाग्नु हो । गत वर्ष सात हजार आयोजनालाई विना आधार बढाइएको थियो । माइनस २४ प्रतिशतमा रहेको राजस्वलाई बढाएर ३० प्रतिशतमा लाने भन्ने निराधार प्रक्षेपण गरिएको थियो । हामी त्यस्तो गर्दैनौं", उहाँले भन्नुभयो, "हामीले पहिला पूर्वाधार विकासमा जोड दियौं । पूर्वाधार विकासमा धेरै काम भएकाले अब सामाजिक सुरक्षा, सुशासन र विकासमा ध्यान दिएका छौं ।"

प्रधानमन्त्री ओलीले खेल क्षेत्रले हरेक मानिसलाई जोड्ने र क्रियाशीलता बढाउने बताउँदै हाफ म्याराथनको आयोजनाका लागि कान्तिपुरलाई धन्यवाद दिनुभयो ।रासस

# आधारभूत मूल्य मान्यता र सीमालाई अनुशरण गरी बजेट ल्याइएको छ : अर्थमन्त्री पौडेल

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले ल्याएको बजेट निर्माणका क्रममा आधारभूत सिद्धान्त, मूल्यमान्यता र सीमालाई अनुशरण गरिएको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) द्वारा शनिबार आयोजित बजेटपछिको छलफलमा उहाँले मेहिनतका साथ काम गरे राजस्व लक्ष्य पनि सहजै पूरा गर्न सकिने गरी निर्धारण गरिएको स्पष्ट पार्नुभयो । अर्थमन्त्री पौडेलले भन्नुभयो, "कहाँबाट आम्दानी हुन्छ, कति हुन्छ, त्यसको कहाँ र कसरी खर्च हुन्छ भन्ने सबै स्पष्ट छ । आन्तरिक ऋण पनि राष्ट्रिय वित्त आयोगले दिएको सुझावभित्र रहेर प्रक्षेपण गरिएको छ ।"




अन्तरराष्ट्रियस्तरबाट प्राप्त हुनसक्ने सहयोग सीमाको पाटोलाई पनि हेक्का राखेर बजेट निर्माण गरिएको बताउँदै उहाँले स्रोत अनुमान ठीकै रहेको प्रतिक्रिया पाएकाले त्यसलाई प्रभावकारी परिचालनबाट पूरा गर्न सकिने दाबी गर्नुभयो । उपप्रधानमन्त्री पौडेलले भन्नुभयो, "बजेट प्रभावकारी कार्यान्वयनबाट आर्थिक वृद्धिदरलाई प्राप्त गर्न सकिन्छ । बजेटलाई सहकारी क्षेत्रको महत्वलाई बुझेर समस्या समाधानमा केन्द्रित गरिएको छ । युवालाई नवप्रवर्तनका माध्यमबाट अघि बढाउन स्पष्ट र सशक्त पहल गरिएको छ । अब पूर्वाधार निर्माण समयमै पूरा गर्न र गुणस्तर कायम गराउन विशेष ध्यान दिइने छ ।"

पूर्वअर्थमन्त्री जनार्दन शर्माले विगतको निरन्तरताका रूपमा ल्याइएको बजेटले अर्थतन्त्र सुधार र नागरिकको जीवनमा समृद्धि दिलाउन नसक्ने जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "नीतिगत र स्रोत व्यवस्थापनका हिसाबले विगतको निरन्तरतामा बजेट आएको छ । आर्थिक वृद्धिदर बढाउने कार्यक्रम देखिएको छैन । स्रोतको ठूलो दबाबमा बजेट छ । बजेटमा उल्लेख गरेको वैदेशिक लगानी र सहयोग कसरी जुटछ ? किसान र हाम्रा स्रोतसाधन जोड्ने कार्यक्रम बजेटमा कहाँ छ ?"

आर्थिक क्षेत्रको महत्वपूर्ण निजी क्षेत्र उत्साहित हुनु आफैंमा सकारात्मक रहेको बताउँदै पूर्वअर्थमन्त्री शर्माले युवा र श्रम परिचालनको विषय नबोलिएकाले युवा आकर्षण र रोजगारी दिने विषय बजेटमा नपरेको दाबी गर्र्नुभयो । "सत्तामा होइन, आर्थिक विकास र समृद्धिका एजेण्डामा राष्ट्रिय सहमति जुटाउनु पर्नेछ । मुलुकलाई विकास र समृद्धिमा लैजान समग्रतामा पुनःसंरचनाको खाँचो छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले बजेट कार्यान्वयनमा प्रमुख प्रतिपक्ष दल र निजी क्षेत्रले दिएका सुझावलाई आत्मसात गर्ने विश्वास दिलाउनुभयो । उहाँले भन्नुभयो, "विगतमा अन्तरमन्त्रालयबीच सहयोग र समन्वय हुन नसक्दा बजेट कार्यान्वयनमा समस्या देखिएकामा त्यसमा सुधारको प्रयत्न गरिएको छ । त्यसैले पुँजीगत खर्च सहजै बढने अनुमान गरिएको छ, युवा लक्षित बजेट भएकाले उनीहरूलाई उत्प्रेरित र योगदानलाई उजागर गर्ने काम भएको छ ।"

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रविधि र पर्यटनलाई प्राथमिकतामा राखेर बजेट आएकाले व्यापार र उद्योग क्षेत्रलाई प्रोत्साहन गर्ने देखिएकाले निजी क्षेत्रले स्वागत गरेको बताउनुभयो । नेपालीलाई विदेशमा लगानी गर्न दिने विषय निकै महत्वपूर्ण र ऐतिहासिक रहेको भन्दै उहाँले महासङ्घले दिएका सुझाव अधिकांश समेटिएको प्रतिक्रिया दिनुभयो ।अध्यक्ष ढकालले भन्नुभयो, "वातारणलाई नबिगारी सबै प्रक्रिया पूरा गरी खनिज र नदीजन्य पदार्थको प्रयोग गर्ने कुरा देश र जनताको हितमै छ । लगानी बोर्डलाई शक्तिशाली बनाइएको छ, ऊर्जा क्षेत्रलाई प्राथमिकता दिने र हवाई टिकटमा भ्याट हटाउने विषयलाई सरकारले ध्यान दिनुपर्छ ।"

नेपाल चेम्बर अफ कर्मसका अध्यक्ष कमलेशकुमार अग्रवालले अफठ्यारो परिस्थितिमा आएको बजेट विकासमुखी र महत्वकांक्षी हुनुका साथै आइटी र प्रविधिलाई ध्यानमा राखिएको भन्दै सराहना गर्नुभयो । उहाँले ठूला राष्ट्रबाट आउने अनुदानमा कमी आउने देखिँदा अर्थतन्त्रमा असर पर्न गई व्यवसायमा सङ्कुचन आउन सक्नेतर्फ विचार गरी पुनःकर्जाका व्यवस्था गर्न सुझाव दिनुभयो ।

नेपाल उद्योग परिसङ्घका पूर्वअध्यक्ष विष्णु अग्रवालले लगानीमैत्री वातावरण र निजी क्षेत्रको मनोबल उठाउने ढङ्गबाट बजेट ल्याइएको बताउनुभयो । उहाँले भन्नुभयो, "उद्योगी व्यवसायीको मनोबल उकास्ने र लगानी आकर्षित गर्ने किसिमबाट बजेट आएको छ, बजेटले सम्भावनाका क्षेत्र कृषि, ऊर्जा, पर्यटन र आइटी क्षेत्रलाई पहिचान गरेको छ ।"

नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवी सिंहले आगामी आर्थिक वर्ष २०८२/८२ को बजेट समूह लक्षित नभई समग्रमा सबै क्षेत्रलाई समेटेको बताउनुभयो । अटो मोबाइल एशोसिएशन अफ नेपाल (नाडा) का अध्यक्ष करण चौधरीले बजेटले मुलुकको अर्थतन्त्रलाई उजागर गर्ने उद्देश्य बोकेकाले सकारात्मक आएको बताउनुभयो ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपपान) का अध्यक्ष गणेश कार्कीले उद्योग व्यवसायका लागि जग्गाको हदबन्दी छुट दिने, जलाशययुक्त आयोजना निर्माण गर्ने गरी आएको बजेट निजी क्षेत्रमैत्री रहेको प्रतिक्रिया दिनुभयो । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले चालु आवको बजेट महत्वकांक्षी भए पनि भड्काउ खालको नरहेको प्रतिक्रिया दिनुभयो । उहाँले देशको अर्थतन्त्र उकास्न प्रविधिको उपयोगका साथै वित्तीय क्षेत्रमा असल अभ्यास सुरु गर्ने जमर्को भएको बताउनुभयो ।

अर्थविद् तथा योजना आयोगका पूर्वसदस्य डा रमेश पौडेलले शिक्षा र स्वास्थ्यका क्षेत्रमा अझ बढी विनियोजन गर्न सक्नेतर्फ बजेट निर्माताहरूले ध्यान पुर्‍याउन नसकेको जनाउँदै बजेट कार्यान्वयन गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको धारणा राख्नुभयो ।आयोजक संस्था नाफिजका अध्यक्ष मेनुका कार्कीले निजी क्षेत्रले बजेटको स्वागत गरेजस्तै कार्यान्वयनमा पनि सरकारलाई सघाउनपर्नेमा जोड दिनुभयो । संवैधानिक व्यवस्थाअनुसार सरकारले यही जेठ १५ गते रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट सङ्घीय संसद्मा प्रस्तुत गरेको थियो ।रासस

# सरकारले डिजिटल नेपाल फ्रेमवर्कलाई उच्च प्राथमिकतामा राखेको छः मन्त्री गुरुङ



टोकियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क (डिएनएफ) लाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ ।

जापानको राजधानी टोकियोमा शुक्रबार सम्पन्न भएको एसिया-प्रशान्त दूरसञ्चार (एटीपी) २०२५ मन्त्रिस्तरीय बैठकलाई नेपालका तर्फबाट सम्बोधन गर्दै मन्त्री गुरुङले डिएनफको सफल कार्यान्वयनका लागि सूचना प्रविधिको पारि स्थितिक प्रणाली र अनुकूल वातावरणको तत्परता आवश्यक रहेको बताउनुभएको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले डिजिटल अर्थतन्त्र वृद्धिसँगै सुरक्षित, समावेशी र अवसरयुक्त डिजिटल युग निर्माण गर्न खोजिएको भनाइ राख्नुभयो । साथै, सुरक्षित र विश्वसनीय डिजिटल वातावरणको आजको आवश्यकता रहेकोमा जोड दिँदै नेपालमा डिएनएफले डिजिटल रूपान्तरणको लागि सुरक्षा र विश्वासलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्नुभएको मन्त्री गुरुङको सचिवालयले जनाएको छ ।

नागरिकलाई सशक्त बनाउन, साइबर सुरक्षा मुद्रा निर्माण गर्न, डिजिटल पूर्वाधारमा लगानी गर्नका लागि सरकार लागेको उहाँको भनाइ थियो । साथै डाटा सुरक्षित गर्नुका साथै नवप्रवर्तनलाई तीव्रता दिने विषयमा पनि नेपालको प्रमुख चासो रहेको बताउनुभयो । त्यस्तै नेपाल एपिटीसँग गहिरो साझेदारीका रुपमा संलग्न भई, ज्ञान बाँड्ने प्रतिबद्धतासमेत मन्त्री गुरुङले राख्नुभयो ।

नेपालले प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि र नीतिगत संलग्नतामा एपिटीले प्रदान गरेको सहयोगलाई गहिरो रूपमा महत्व दिने मन्त्री गुरुङको भनाइ थियो । नेपाल डिजिटल छलाङको चरणमा रहेको जानकारी दिँदै प्रधानमन्त्री केपी शर्मा ओलीको दूरदर्शी नेतृत्वमा उद्योग स्थापना गर्न, रोजगारी सिर्जना गर्न, कुल ग्राहस्थ्य उत्पादन बढाउन, नवीन र समावेशी अर्थतन्त्र सिर्जना गर्न दृढ सङ्कल्पका साथ काम गरिरहेको उहाँले बताउनुभयो ।रासस

# उत्तर र दक्षिण कोरियाबीच जारी एउटा भूमिगत युद्ध

बीबीसी

काठमाण्डु । उत्तर र दक्षिण कोरियाबीचका सीमानाका बाक्लो काँडेतार र सयौँ सुरक्षा चौकीहरूको उपस्थिति छ। तर तिनीहरूबीच केही असामान्य कुरा पनि छन् र ती हुन्- विशाल हरियो रङका स्पीकरहरू । गत महिना दिउँसोको समयमा जब म उत्तर कोरियातर्फ हेरिरहेकी थिएँ तब एउटा लाउडस्पीकरमा दक्षिण कोरियाली पप गीतहरू बज्न थाले जसमा विद्रोहयुक्त सन्देशहरू समाविष्ट थिए।

“जब हामी विदेश यात्रा गर्छौं तिनले हामीलाई ऊर्जा प्रदान गर्छन्,“ सीमा पारिसम्म सुनिनेगरी एकजना महिलाको आवाज गुन्जियो। त्यो स्पष्ट रूपमा एउटा अपमान थियो किनकि उत्तर कोरियालीहरूलाई आफ्नो देश छोड्ने अनुमति छैन। उत्तर कोरिया तिरबाट सैनिक प्रोपोगान्डा सङ्गीत मैले मन्दमन्द सुन्न सक्थेँ। किनकि उसको सत्ताले भड्काउ प्रसारणलाई दबाउने प्रयास गरिरहेको थियो। दक्षिण कोरियाले उत्तर कोरियासम्म सूचना पुऱ्याउने प्रयास गर्छ र उत्तर कोरियाली नेता किम जङ-अन त्यसलाई रोक्ने प्रयत्न गर्छन्। किनकि उनी आफ्ना नागरिकलाई बाहिरी सूचनाबाट जोगाउने प्रयास गर्छन्।

उत्तर कोरिया विश्वको एक मात्र यस्तो देश हो जहाँ जनताहरूलाई इन्टरनेट सेवा उपलब्ध छैन। त्यहाँका सबै टेलिभिजन च्यानलहरू, रेडिओ स्टेशनहरू र पत्रपत्रिका राज्यले सञ्चालन गर्छ।“यो नियन्त्रणको कारण के हो भने किम परिवारबारे धेरै मिथकहरू बनाइएका छन्। जनताहरूलाई किम परिवारले भन्ने कुरामध्ये धेरै चाहिँ झूट हुन्छन्,“ उत्तर कोरियाली प्रविधि र सूचनासम्बन्धी विज्ञ तथा वाशिङ्गटनस्थित स्टिमसन सेन्टरका सिनिअर फेलो मार्टिन विलियम्सले भने।

झूटहरू धेरै मानिससामु उजागर भएमा उत्तर कोरियाली शासन ढल्न सक्छ भन्ने दक्षिण कोरियाको सोच रहेको छ। लाउडस्पीकर त दक्षिण कोरियाली सरकारले प्रयोग गर्ने एउटा उपकरण मात्र हो। पर्दापछाडि अझ परिष्कृत भूमिगत आन्दोलन मौलाइरहेको छ।केही स८्यामा प्रसारक तथा गैरनाफामूलक सङ्घसंस्थाहरूले रातिको समयमा शर्ट र मिडिअम वेभमार्फत् सूचना प्रसारण गर्छन् ताकि उत्तर कोरियालीहरूले गोप्य रूपमा तिनलाई सुन्न सकून्।

प्रत्येक महिना सीमापारि हजारौँ यूएसबी स्टिक, माइक्रो एसडीको तस्करी हुने गर्छ जसमा दक्षिण कोरियाली चलचित्र, टीभी नाटकहरू र पप गीतका साथै समाचार पनि हुन्छन्। यी सब उत्तर कोरियाली प्रोपोगान्डालाई चुनौती दिनका लागि तयार पारिएका विभिन्न योजनाका हिस्सा हुन् ।तर अहिले उत्तर कोरियाको हात माथि पर्न थालेको यो क्षेत्रमा काम गर्नेहरू ठान्छन्। किमले विदेशी सामग्रीसहित समातिने मानिसहरूलाई कारबाही मात्र गरिरहेका छैनन्, बरु यो कामको भविष्य नै खतरामा पर्न सक्ने देखिन्छ।

त्यसको अधिकांश हिस्सा अमेरिकाले गर्ने आर्थिक सहयोगमा निर्भर छ र अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले हालै गरेको सहायता कटौतीको असर त्यसमाथि परेको छ।उसो भए लामो समयदेखि हुँदै आएको सूचना युद्धमा अब यी दुई पक्ष कहाँ छन्? प्रत्येक महिना दक्षिण कोरियाली गैरनाफामूलक सङ्गठन यूनिफिकेशन मिडिआ ग्रुप (यूएमजी) स्थित एउटा टोली ताजा समाचार र मनोरञ्जन सामग्री छुट्ट्याउँछ जसलाई समेटेर यस्तो प्लेलिस्ट तयार पारिन्छ जुन उत्तर कोरियाली नागरिकहरूलाई मन परून्।

त्यसपछि तिनलाई डिभाइसहरूमा लोड गरिन्छ। हेर्न कत्तिको जोखिमपूर्ण छ भनेर तिनीहरूलाई वर्गीकृत गरिएको हुन्छ। कम जोखिमयुक्त यूएसबीमा दक्षिण कोरियाली टीभी नाटक तथा पप गीतहरू पर्छन्। हालै उनीहरूले नेटफ्लिक्सको रोमान्स सिरिज 'ह्वेन लाइफ गिभ यू ट्यान्जरिन्स' अनि दक्षिण कोरियाली गायक तथा र्‍यापर जेनीका हिट गीतहरू समावेश गरेका थिए।

उच्च जोखिमयुक्त सामग्रीमा उनीहरूले भन्ने गरेको “शिक्षा कार्यक्रम“ पर्छन् जसमा उत्तर कोरियाली नागरिकहरूलाई लोकतन्त्र, मानव अधिकार र किमलाई निकै त्रसित



बनाउन सक्ने सामग्रीहरू हुन्छन्।त्यसपछि ती ड्राइभहरू चिनियाँ सीमासम्म पुऱ्याइन्छ जहाँ यूएमजीका विश्वासिला साझेदार हरूले जोखिम मोल्दै नदी पार गरेर उत्तर कोरियासम्म पुऱ्याउँछन्।

झट्ट हेर्दा दक्षिण कोरियाली टीभी नाटकहरू हानि नपुऱ्याउने खालका लाग्न सक्छन् तर तिनले त्यहाँका सामान्य जीवनबारे धेरै कुरा बोलेका हुन्छन्। ती भनेका मानिसहरू अग्ला भवनमा बस्छन्, तीव्र गतिमा कार चलाउँछन् र महँगा रेस्टुराँमा खाना खान्छन् भन्ने जस्ता कुरा हुन्। त्यसले उनीहरूको स्वतन्त्रतासँगै उत्तर कोरियालीहरू अझै कति पछाडि छन् भन्ने पनि दर्शाउँछ। दक्षिण कोरियालीहरू गरिब र एकदमै उत्पीडित छन् भनी किमले गर्ने सबैभन्दा ठूलो मनगढ्न्ते कुरामध्ये एउटालाई त्यसले चुनौती पनि दिन्छ।

“केही मानिसहरूले टीभी नाटकहरू हेर्दा रोएका कुरा पनि हामीले सुनेका छौँ र ती नाटकले उनीहरूलाई पहिलो पकट तिनका आफ्नै सपनाबारे सोच्न बाध्य पारे,“ यूएमजीका निर्देशक ली क्वाङ्ग बाकले भने।

कति उत्तर कोरियाली नागरिकसम्म यूएसबी पुगे भन्न त गाह्रो छ तर भागेका मानिसहरूले दिएको जानकारीअनुसार सूचना फैलिरहेको छ र त्यसले प्रभाव पनि पारिरहेको छ।“हालसालै उत्तर कोरियाली भगौडा तथा शरणार्थीहरूले विदेशी सामग्रीहरूले नै ज्यान जोखिममा पारेर भाग्न आफूहरूलाई अभिप्रेरित गरेको बताएका थिए,“ त्यस्ता सामग्री उत्तर कोरियामा वितरणको काम गर्ने लिबर्टी इन नर्थ कोरिया नामक संस्थाका सोकील पार्कले भने।

उत्तर कोरियामा राजनीतिक विपक्षी अथवा चिनिएका कोही प्रतिपक्षी छैनन् जहाँ प्रदर्शनका लागि भेला हुनु पनि अति खतरनाक मानिन्छ। तर पार्कको विश्वासमा केही मानिसहरू कुनै दिन प्रतिरोधका लागि अवश्य अभिप्रेरित हुने छन्। चौबीस वर्षीया काङ्ग ग्युरी उत्तर कोरियामा हुर्किन् जहाँ उनले माछा समात्ने व्यवसाय सञ्चालन गर्थिन्। सन् २०२३ को अन्त्यतिर चाहिँ भागेर डुङ्गामार्फत् उनी दक्षिण कोरिया पुगिन्। विदेशी टीभी च्यानलका कार्यक्रमहरू हेरेर उनी भाग्न प्रेरित भइन्। “मलाई निस्सासिए जस्तो भएको थियो र अचानक म बाँच्नुपर्छ भन्ने भावना ममा जागृत भयो,“ उनले भनिन्।सोलमा गत महिना पारिलो अपराह्नका बेला एउटा पार्कमा हामी भेट्दा उनले बाल्यकालमा आमासँग रेडिओ सुन्ने गरेको स्मरण गरिन्।

दश वर्षकी हुँदा पहिलो पटक कोरियन नाटक हेरेको उनले सुनाइन्। त्यसको धेरै वर्षपछि उनले फलफूलका बक्सामार्फत् यूएसबी स्टिक र एसडी कार्डहरू उत्तर कोरियामा पुऱ्याइने गरिएका थाहा पाइन्।जति धेरै उनले ती सामग्री हेरिन् त्यति धेरै सरकारले झूट बोल्दै आएको उनले बुझिन्।“राज्यले हामीमाथि लगाएका त्यति धेरै प्रतिबन्धहरू सामान्य हो जस्तो मैले ठान्थेँ। मलाई लाग्थ्यो अरू देशहरूमा पनि त्यस्तै नियन्त्रण होला। तर पछि मलाई महसुस भयो यो त उत्तर कोरियामा मात्र हुने रहेछ।“

उत्तर कोरियामा उनले चिनेजानेका सबैले दक्षिण कोरियाली टीभी कार्यक्रम तथा चलचित्र हेर्थे। उनी र उनका सङ्गिनीहरूले यूएसबी साटासाट गर्थे।“हामीले लोकप्रिय नाटक तथा कलाकारहरूबारे कुरा गर्थ्यौँ, के पपका सदस्यहरू बीटीएसका केही सदस्यहरू जस्तै सुन्दर देखिन्छन् भन्ने कुरा गर्थ्यौँ,“ उनले भनिन्।“हामीले दक्षिण कोरियाको अर्थतन्त्र कसरी राम्रो भयो भन्नेबारे पनि कुरा गर्थ्यौँ। हामीले उत्तर कोरियाली सत्ताको खुलेर आलोचना चाहिँ गर्न सक्दैनथ्यौँ।“

टीभी कार्यक्रमले आफूहरूको बोल्ने र लुगा लगाउने शैलीमा पनि प्रभाव पारेको सुनाउँदै उनले भनिन्, “उत्तर कोरियाका युवाहरूमा तीव्र परिवर्तन आएको छ।“ किम जङ्ग अन यी सबैबाट आफ्नो सत्तालाई रहेको जोखिमबारे अवगत छन् र त्यसविरुद्ध लडिरहेका पनि छन्।कोभिड महामारीका बेला उनले चीनसँग जोडिएको सीमानाकामा नयाँ विद्युतीय तारबार खडा गरे र त्यसबाट सूचना तस्करीमा झन् कठिनाइ निम्तिन पुग्यो।सन् २०२० मा ल्याइएको कानुनले विदेशी सञ्चारमाध्यमका सामग्री प्रयोग गर्ने र साझा गर्नेमाथि गरिने दण्डसजायलाई अझ बढाइदिएको छ।

उक्त कानुनको एउटा व्यवस्थाअनुसार त्यस्ता सामग्री विवरण गर्नेलाई कारावास अथवा मृत्युदण्ड दिइने भनी उल्लेख छ।यसको ठूलो प्रभाव परेको छ। “पहिला ती सामग्री बजारमा किन्न पाइन्थ्यो र मानिसहरूले खुला रूपमा त्यो बेच्थे। तर अहिले विश्वासिला मान्छेबाट मात्र तपाईँ त्यी सामग्री पाउन सक्नुहुन्छ,“ लीले भने।

> उत्तर कोरियामा राजनीतिक विपक्षी अथवा चिनिएका कोही प्रतिपक्षी छैनन् जहाँ प्रदर्शनका लागि भेला हुनु पनि अति खतरनाक मानिन्छ। तर पार्कको विश्वासमा केही मानिसहरू कुनै दिन प्रतिरोधका लागि अवश्य अभिप्रेरित हुने छन्।

कारबाही हुन थालेपछि काङ्ग र उनका सङ्गिनीहरू झन् सचेत हुन थाले। “एकदमै नजिकका मान्छे नभएसम्म हामी त्यसबारे एकअर्कासँग कुरै गर्दैन थियौँ,“ उनले भनिन्।

दक्षिण कोरियाली सूचना सामग्रीसहित पक्राउ पर्ने थप युवाहरूलाई मृत्युदण्ड दिन थालिएकोबारे आफूहरू अवगत रहेको उनले सुनाइन्।हालै किमले कोरियाली नाटक हेर्नेसँग सम्बन्धित क्रियाकलापमाथि कडिकडाउ गरेका छन्।उनले दक्षिण कोरियाली शब्दावलीको प्रयोग वा दक्षिण कोरियाली लवजमा बोल्ने कार्यलाई सन् २०२३ मा अपराध घोषित गरेका छन्। युवाहरूका गतिविधिमा निगरानी गर्ने 'युवा कारबाही दस्ता'ले सडकहरूमा गस्ती गर्ने गरेको छ।उत्तर कोरियाबाट भाग्नुअघि कैयौँ पटक आफू रोकिएको उनी स्मरण गर्छिन्। दक्षिण कोरियालीहरूको जस्तो लुगा लगाउँदा र उनीहरूले जस्तो कपाल पाल्दा हप्कीदप्की खानुपर्छ । उक्त दस्ताले उनको मोबाइल खोसेर एसएमएस पढ्थ्यो ताकि उनले दक्षिण कोरियाली शब्दावलीहरू प्रयोग गरेकी छैनन् भनी सुनिश्चित गर्न सकियोस्।सन् २०२४ को अन्त्यतिर सोलस्थित यूएमजीको समाचार सेवा डेली एनकेले एउटा उत्तर कोरियाली मोबाइल देशबाहिर तस्करी गरी ल्यायो। त्यसमा दक्षिण कोरियाली शब्दावली आउनासाथ गायब हुने गरी त्यसको सट्टा उत्तर कोरिया शब्दावली आउने किसिमले प्रोग्रामिङ गरिएको थियो।

“स्मार्टफोन अहिले उत्तर कोरियाली नागरिकहरूलाई अभिप्रेरित गर्ने तरिकाको अभिन्न अङ्ग बन्न पुगेको छ,“ विलियम्स भन्छन्।यी सबै दमनकारी कदमहरूबीच यो सूचना युद्धमा उत्तर कोरियाको “पल्ला भारी हुन थालेको“ उनी बताउँछन्। यो वर्षको सुरुतिर डोनल्ड ट्रम्पले ह्वाइट हाउसमा फेरि प्रवेश गरेपछि सहायता निकायहरूलाई गरिने अमेरिकी सहयोगमा व्यापक कटौती भएको छ। त्यसमा उत्तर कोरियालीहरूलाई सूचित पार्ने कामलाई दिने सहायता पनि परेको छ।

उनले सङ्घीय सरकारमार्फत् समाचार संस्था रेडिओ फ्री एशिया र भोइस अफ अमेरिकाले पाउने सहायता पनि निलम्बन गरिदिएका छन्। ती संस्थाले उत्तर कोरियालीका लागि रात्रिकालीन प्रसारण गर्छन्।ट्रम्पले भोइस अफ अमेरिकालाई “कट्टरपन्थी र ट्रम्पविरोधी“ भनेका छन्। अर्कोतर्फ ह्वाइट हाउसले “कट्टरपन्थी प्रचारका लागि करदाताहरू अब जिम्मेवार रहने छैनन् भन्ने कुरा उक्त कदमले सुनिश्चित गरेको“ बताएको छ।सोलस्थित भोइस अफ अमेरिकाका पूर्वब्यूरो प्रमुख स्टिभ हर्मन भन्छन्, “उत्तर कोरियालीहरूले संसारलाई हेर्ने त्यो थोरैमध्येका एउटा झ्याल थियो जुन कुरा त्यसै बन्द गरियो।“

अमेरिकी सहायता स्थायी रूपमै रोकिने हो वा होइन भन्नेबारे यूएमजीले अहिले मूल्याङ्कन गरिरहेको छ।ट्रम्पले “संयोगवश“ किमलाई सघाएको र त्यो कदम “दूरदर्शी नभएको“ लिबर्टी इन नर्थ कोरियाका पार्क तर्क गर्छन्।परमाणु अस्त्रको सङ्ग्रह बढाइरहेको उत्तर कोरिया एउटा ठूलो सुरक्षा खतरा भएको भन्दै उनी प्रतिबन्ध, कूटनीति र सैन्य दबाव विफल भइरहेको अवस्थामा बाँकी रहेको सूचना युद्ध सर्वोत्कृष्ट अस्त्र भएको तर्क गर्छन्।

उनी भन्छन्, “हामीले उत्तर कोरियाली खतरालाई रोक्ने प्रयास मात्र गरिरहेका छैनौँ, हामी त्यसलाई समाधान गर्ने प्रयत्न पनि गरिरहेका छौँ। त्यसका लागि देशको प्रकृति बदल्न जरुरी छ।“ यो कामका लागि कसले रकम तिर्नुपर्छ भनी प्रश्न तड्कारो छ। पूरै खर्च अमेरिकामाथि नै किन भनी कतिपय मान्छेको प्रश्न रहेको छ।एउटा समाधान भनेको दक्षिण कोरियाले खर्च बेहोर्नुपर्छ भन्ने हो। तर उत्तर कोरियाली मुद्दा यहाँ निकै राजनीतिकरण भएको छ।उदारवादी विपक्षीहरू प्योङ्याङसँग सम्बन्ध सुधार्न चाहन्छन्। त्यसको अर्थ सूचना युद्धका लागि रकम उपलब्ध गराउन सकिँदैन भन्ने हो।

दक्षिण कोरियामा आगामी साता हुने राष्ट्रपतीय चुनावमा सो पार्टीका अग्रणी उम्मेदवारले आफू निर्वाचित भएमा लाउडस्पीकरहरू बन्द गराउने बताएका छन्।तथापि पार्क चाहिँ आशावादी हुँदै भन्छन्, “सकारात्मक पक्ष के हो वर्षौँदेखि मानिसहरूको दिमागमा भरिँदै आएका सूचनालाई उत्तर कोरियाली सरकारले निकाल्न सक्दैन।“प्रविधिको विकाससँगै सूचना प्रसार सहज हुँदै जाने उनको विश्वास छ । “कालान्तरमा गएर त्यसैले उत्तर कोरयालाई परिवर्तन गर्छ भन्नेमा म विश्वस्त छु,“ पार्कले भने।

# प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डका लागि ७० खेलाडी छनोट



बैतडी । सुदूरपश्चिम प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि बैतडीबाट खेलाडी छनोट गरिएका छन् ।

हालै पुर्चौडी नगरपालिकामा सम्पन्न १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको आयोजना गरेर ७० खेलाडी छनोट गरिएका हुन् । बैतडी जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख तर्कराज जोशीका अनुसार जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आधारमा खेलाडी छनोट गरिएका हुन्। छनोट हुने खेलाडीमा छात्र र छात्रा भलिबलमा नौ/नौ, कबड्डी छात्र र छात्रामा नौ/नौ, एथ्लेटिक्समा छात्र र छात्रा गरेर ११/११ जना र कराँतेमा छ/छ खेलाडी छनोट भएका छन् ।

पुर्चौडीमा सम्पन्न जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा दशवटै स्थानीय तहको सहभागिता रहेको थियो । छनोट भएका खेलाडीले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका जनाउने जिल्ला खेलकुद समितिका अध्यक्ष चमनकुमार भण्डारी जानकारी दिनुभयो । प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही महिना हुने भनिए पनि मिति भने तय भएको छैन ।रासस

# स्टिल र आल्मुनियममा ५० प्रतिशत कर वृद्धि गर्नसक्ने ट्रम्पद्वारा सङ्केत

एएफपी

वेस्ट मिफ्लिन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्टिल र आल्मुनियमको आयातमा आगामी हप्तादेखि ५० प्रतिशतसम्म कर वृद्धि गर्ने घोषणा गर्नुभएको छ । पेन्सिलभेनियास्थित अमेरिकी स्टिल प्लान्टका कर्मचार तथा श्रमिकलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, “हामी यसलाई २५ प्रतिशतबाट ५० प्रतिशत बनाउन गइरहेका छौँ ।”

गत वर्षको चुनावमा विजय हासिल गर्न सहयोग पुऱ्याएको अमेरिकी राज्य पेन्सिलभेनियामा नीलो रङको पहिरनमा भेला भएका कार्यकर्तासामु उहाँले भन्नुभयो, “कोही पनि यसको वरिपरि पुग्नेवाला छैन।”त्यसको केही समयपछि राष्ट्रपति ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलको पोस्टमा लेख्नुभएको छ, “बुधबार, जुन ४ देखि लागू हुने गरी नयाँ करसहित एल्युमिनियममा पनि उच्च दर लागू हुनेछ ।”

गत जनवरीमा राष्ट्रपतिका रूसमा पुनः ह्वाइट हाउसमा फर्केपछि ट्रम्पले विश्व व्यापार व्यवस्थालाई झकझक्याउने र वित्तीय बजारलाई तहसनहस पार्ने गरी आफ्ना सहयोगी र प्रतिद्वन्द्वीमाथि व्यापक कर लगाउनुभएको छ । उहाँले सवारी साधन (अटोमोबाइल्स) जस्ता वस्तुहरूलाई असर गर्ने क्षेत्र-विशिष्ट करहरू पनि जारी गर्नुभएको छ । शुक्रबार उहाँले आफ्नो व्यापार नीतिको बचाउ गर्दै करवृद्धिले अमेरिकी उद्योगको सुरक्षामा सहयोग गरेको तर्क गर्नुभएको थियो ।

उहाँले भन्नुभयो, “आफ्नो पहिलो प्रशासनको समयमा स्टिल र आल्मुनियमजस्ता धातुहरूको आयातमा पनि कर नलगाएको भए यो क्षेत्र अस्तित्वमा हुने थिएन।”शुक्रबार ट्रम्पले अमेरिकी स्टिल र जापानको निप्पोन स्टिलबीच योजनाबद्ध साझेदारीको चर्चा गरे पनि यसअघि द्विपक्षीय विरोधको सामना गर्नुपरेको सम्झौताका बारेमा केही नयाँ विवरण प्रस्तुत गर्नुभएको थियो ।

उहाँले अमेरिकी स्टिल निर्माता कम्पनी र निप्पोन स्टिलबीच हालै घोषणा गरिएको योजनाबद्ध साझेदारीको बावजुद अमेरिकी स्टिललाई अमेरिकाले नियन्त्रण गर्ने बताउनुभयो । उहाँले कम्पनीले कुनै



पनि कामको लागि बाहिरी जनशक्तिलाई प्रोत्साहन नगर्ने पनि बताउनुभयो । शुक्रबार अबेर वासिङ्टन फर्केपछि राष्ट्रपति ट्रम्पले पत्रकारहरुसँग कुरा गर्दै आफूले सम्झौतालाई अनुमोदन गर्न बाँकी रहेको बताउनुभएको थियो ।

'मैले निप्पोनसँगको अन्तिम सम्झौतालाई अनुमोदन गर्नुपर्ने छ तर त्यो अन्तिम सम्झौता अहिलेसम्म हात परेको छैन, तर उनीहरूले धेरै ठूलो प्रतिबद्धता जनाएका छन्,” उहाँले भन्नुभयो ।गत साता ट्रम्पले अमेरिकी स्टिलको मुख्यालय पिट्सबर्गमा रहने र निप्पोनसँगको सम्झौताले कम्तीमा ७० हजार रोजगारी सिर्जना हुने र अमेरिकी अर्थतन्त्रमा १४ अर्ब डलर थपिने बताउनुभएको छ ।

पेन्सिलभेनियामा ट्रम्पले भन्नुभयो, “आफ्नो प्रतिबद्धताको एक भागको रूपमा, निप्पोनले 'मोन भ्याली वर्क्स-इरविन प्लान्ट'मा इस्पात उत्पादन बढाउन २.२ अर्ब डलर लगानी गर्नेछ। थप सात अर्ब डलर स्टिल मिलको आधुनिकीकरण, अयस्क खानी विस्तार र इन्डियाना र मिनेसोटालगायतका स्थानमा निर्माण सुविधाका लागि खर्च हुनेछ ।”

निप्पोन स्टिललाई १४ अर्ब ९० करोड अमेरिकी डलरमा अमेरिकी स्टिल बिक्री गर्ने प्रस्तावको यसअघि दुवै पक्षबाट राजनीतिक विरोध भएको थियो । पूर्व राष्ट्रपति जो बाइडेनले पद छाड्नुभन्दा केही समयअघि राष्ट्रिय सुरक्षाको कारण देखाउँदै यो सम्झौता रोक्नुभएको थियो । नयाँ साझेदारीलाई लिएर चिन्ता कायमै छ ।

# राष्ट्रियस्तरको खुला शारीरिक सुगठन प्रतियोगिता आयोजना हुने

काठमाण्डु । प्रज्ञा स्मृति प्रतिष्ठानको आयोजनामा यही जेठ २४ गते 'प्रज्ञा स्मृति प्रथम महिला तथा पुरूष राष्ट्रिय खुला शारीरिक सुगठन प्रतियोगिता' हुने भएको छ। भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा हुने सो प्रतियोगितामा पुरुषतर्फ पाँच वटा वजन समूहबीच र महिलातर्फ खुला प्रतिस्पर्धा हुने प्रतिष्ठानका निर्देशक गङ्गा दाहालले शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

पुरूषतर्फ ६०, ६५, ७०, ७५ तथा ७५ केजी तौलभन्दा माथिका समूहबीच प्रतिस्पर्धा हुनेछ । यसवर्ष प्रतिष्ठानले पहिलो संस्करणमा शारीरिक सुगठन खेलमा आबद्ध खेलाडी सबैलाई समेट्ने गरी राष्ट्रियस्तरको खुला शारीरिक सुगठन प्रतियोगिता गरेको हो ।प्रतिष्ठानले विभिन्न समयमा भरतपुरमा तेश्रो संस्करणसम्मको साइकलिङ प्रतियोगिता सम्पन्न गरिसकेको छ । प्रतियोगितामा सबै जिल्ला, प्रदेश तथा विभिन्न क्लबका महिला पुरूष गरी एक सय खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ । पुरूषतर्फ प्रत्येक तौल समूहमा पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाँचौं स्थानसम्मका लागि खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् ।

महिलातर्फको खुल्ला तौल समूहमा प्रथम हुने खेलाडीलाई नगद रू एक लाख तथा पदक, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । द्वितीय, तृतीय, चौथो र पाँचौ हुने खेलाडीलाई क्रमशः नगद रु ५० हजार, रु ३० हजार, रु २० हजार र रु १० हजारसहित पदक र प्रमाणपत्र प्रदान गरिनेछ ।

# रक्षा खर्चमा “कडा प्रेम” गर्नुभन्दा प्रेम नगर्नु राम्रो : इयू प्रमुख कल्लास

एएफपी

सिङ्गापुर । युरोपेली सङ्घका कूटनीतिक प्रमुख काजा कल्लासले ट्रम्प प्रशासनको 'कडा प्रेम'पछि युरोपेली महाद्वीपले रक्षा खर्च बढाउन लागेको बताउनुभएको छ ।

सिङ्गापुरमा आयोजित 'साङ्ग्रिला डिफेन्स फोरम'मा बोल्दै अमेरिकी रक्षामन्त्री पिट हेगसेथले राष्ट्रपति डोनाल्ड ट्रम्पको सैन्य खर्चका लागि गरेको आग्रहलाई 'कडा प्रेम' भन्नुभएको थियो । “यो प्रेम हो । त्यसैले प्रेम नगर्नुभन्दा यो राम्रो हो,” हेगसेठको भाषणबारे पछि सोधिएको प्रश्नमा कल्लासले भन्नुभयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेटो राष्ट्रहरूलाई रक्षा खर्च बढाउन निरन्तर दबाब दिँदै कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतसम्म माग गर्दै वासिङ्टनले अब कसैको लागि भार बहन गर्न नसक्ने बताउनुभएको थियो ।

कल्लासले भन्नुभयो, “युरोपमा विभिन्न देशहरू छन्



र हामीमध्ये केहीले धेरै पहिले नै महसुस गरिसकेका छौँ कि हामीले रक्षामा लगानी गर्नुपर्छ। ”“यो राम्रो कुरा हा, हामीले अझ बढी गरिरहेका छौं, तर म के कुरामा जोड दिन चाहन्छु भने युरोपको सुरक्षा र प्रशान्त क्षेत्रको सुरक्षा धेरै हदसम्म एकअर्कासँग जोडिएको छ,” उहाँले भन्नुभयो । कल्लासले युक्रेनतर्फ सङ्केत गर्दै भन्नुभयो, “युक्रेनमा पहिलेदेखि नै उत्तर कोरियाली सैनिकहरूसक्रिय थिए र चीनले रूसलाई सैन्य हार्डवेयर प्रदान गरिरहेको थियो।”

“अमेरिकी रक्षामन्त्रीको भाषणमा चीनबारे केही कडा सन्देशहरू आएका थिए,” कल्लासले भन्नुभयो ।

उहाँले भन्नुभयो, “मलाई के लाग्छ भने यदि हामी चीनबारे चिन्तित छौँ भने रुसको बारेमा पनि चिन्तित हुनुपर्छ ।

इयूले एशिया-प्रशान्त क्षेत्रमा रक्षालगायत क्षेत्रमा 'हाम्रो पारस्परिक हितमा साझेदारी' निर्माण गर्न चाहेको थियो ।

# भेडापालन सङ्कटमा



ढोरपाटन । निसीखोला गाउँपालिका-६ का ६७ वर्षीय भागविर घर्ती मगरले भेडापालनमा लागेको ५८ वर्ष भयो । नौ वर्षको उमेरदेखि भेडापालनमा लाग्नु भएका उहाँ अहिले पनि उस्तै तगडा हुनुहुन्छ । उहाँका भेडाका बथानमा २०० को हाराहारीमा पाठापाठी र माहुँ भेडा छन् । गत असोज दसैं मान्नका लागि बेसी झर्नु भएका किसान घर्ती लेक उक्लिने तरखर गर्दै हुनुहुन्छ ।

उहाँका लेकमा बस्ने धेरैजसो गोठाला साथी लेक उक्लिसके । जेठ दोस्रो सातादेखि किसानले पशुचौपाया बुकी उकाल्न थालेपछि अहिले तल्लो क्षेत्र सुनसान बनेका छन् । यति बेला बागलुङको रिग क्षेत्र, खोलाखानी, सोडेडाँडा, पातीहाल्नेलगायतका ठाउँमा गाईभैंसी, भेडाबाख्रा, भोटे कुकुरसँगै गोठाला किलादाम्ला र खर्चपर्च बोकी बुकी उक्लि रहेको भेटिन्छ । एकै परिवारले सयौंको सङ्ख्यामा पशुचौपाया पाल्ने हुँदा बाह्रै महिना एकै ठाउँमा बसेर घाँस र दाना पुऱ्याउन सक्दैनन् । यतिबेला लेक उक्लिएका गोठाला दसैं मान्न असोज तिर मात्रै बेसी झर्छन् ।

अबको एक सातामा बुकी भेडाका बथानले भरिन्छन् भने बेसी क्षेत्र रित्तो हुन्छन् । अघिल्लो वर्ष असोजमा बेसी झरेका गोठाला सात महिनापछि लेक उक्लिन थालेका हुन् । लामो समय लेकमै बस्ने हुँदा भागविरले खाने खर्चको चाँजोपाँजो मिलाउँदै हुनुहुन्छ । अबको करिब पाँच महिना लेकमै बिताउने उहाँ बताउनुहुन्छ । यति बेला बेसीमा घाँस सकिएको र लेकमा प्रसस्त पाइने उहाँको भनाइ छ । गोठालाहरु तीन हजारदेखि चार हजार ५०० मिटरको उचाइसम्म पुग्ने गर्छन् ।

यस वर्ष अलि छिटै वर्षा सुरु भएपछि लेकमा घाँस पलाउन थालेको घर्तीले बताउनुभयो । बर्खा भरि बुकीमा पालेका भेडाबाख्रा दसैं बेला बजारसम्म पुऱ्याएर राम्रो मूल्य पार्ने गर्दछन् । बागलुङको निसीखोला-६ मा पर्ने रिग, खानीखोलामा रोल्पा र रुकुमका गोठाला पनि हजारौं भेडाबाख्रा लिएर आउने गर्छन् । हिउँदको समय बुकीमा हिउँ पर्ने र जाडो हुने हुँदा बेसी ओर्लने गर्छन् । पछिल्लो समय नयाँ पुस्ताले चासो नदिँदा भेडापालन किसान कम भएको उहाँको भनाइ छ ।

“लामो समय बेसीमै बसियो, अब लेक जाने बेला भयो, यसपाली मैले केही दिन ढिला गरैं, अबको दुई/चार दिनमा म पनि लेकमा पुगि सक्छु, गाउँमा बस्दा परिवारसँगै भइन्छ, रमाइलो हुन्छ, लेकमा त सबै हुँदैनन्,” उहाँले भन्नुभयो, “अब गएपछि आउने उहीं दसैं बेला हो, त्यस बेलासम्म छोराछोरीसँग भेट्न हुन पाइँदैन, कहिलेकाहीं अन्नपात लिएर लेक उक्लिए भने मात्रै भेट हुन्छ ।”


जिल्लो तमानखोला, बोबाङ, अधिकारीचौर लगायतका क्षेत्रका भेडीगोठाले पनि ढोरपाटन, जलजलालगायतको क्षेत्रमा वस्तुभाउ लिएर जाने गर्छन् । यी क्षेत्रबाट आधाभन्दा बढी गोठाला लेकमा पुगी सके भने केही बाटोमै भेटिन्छन् । कोही जाने सुरसार गर्दैछन् । ढोरपाटन-९ का थमबहादुर पुनले गत साता गाईभैंसीलाई लेक पुऱ्याउनु भएको छ । आफु पेटसम्बन्धि रोगी भएको हुँदा उपचारका लागि अहिले बेसी झार्नु भएको छ । पाँच दिनपछि लेक फर्किने गरी बेसी झरेको पुनले बताउनुभयो ।

पहिले लेक जाँदा अन्नपात र वस्तुभाउका किलादाम्ला मान्छेलेनै बोकेर लैजाने गरेको भन्दै बुर्तिबाङ-ढोरपाटन सडकमा गाडी चल्ने हुँदा ढुवानी तिरर लैजाने गरेको सुनाउनुभयो । बाउबाजेको पालादेखिनै लेकबेसी गरेर सयौं वस्तुभाउ पाल्दै आएको पुनको भनाइ छ । आफूको पुस्ताले पशुपालन गरेरै जीविको चलाए पनि अबका नयाँ पुस्ताले यो पेसा नगर्ने उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, “गाउँभरिका सबैले पशु पाल्ने हुँदा एकै ठाउँमा राखेर दाना र घाँस पुऱ्याउन सकिदैन, त्यसले गर्दा बर्खामा लेक र हिउँदमा बेसी झर्ने चलन चलेको हो, एउटै परिवारले कम्तिमा २०/३० गाईभैंसी पालेको हुन्छ, कोहीले सयौंको संख्यामा भेडाबाख्रा पालेको हुन्छ, त्यति धेरै वस्तुभाउलाई कसरी घाँस पुऱ्याउने ?, त्यही भएर लेकबेसी गर्ने गरेका हौं ।”रासस

> “गाउँभरिका सबैले पशु पाल्ने हुँदा एकै ठाउँमा राखेर दाना र घाँस पुऱ्याउन सकिदैन, त्यसले गर्दा बर्खामा लेक र हिउँदमा बेसी झर्ने चलन चलेको हो, एउटै परिवारले कम्तिमा २०/३० गाईभैंसी पालेको हुन्छ, कोहीले सयौंको संख्यामा भेडाबाख्रा पालेको हुन्छ, त्यति धेरै वस्तुभाउलाई कसरी घाँस पुऱ्याउने ?, त्यही भएर लेकबेसी गर्ने गरेका हौं ।”

# बुलबुले तालमा मोटरबोट सञ्चालन भएपछि...



वीरेन्द्रनगर । ‘सुर्खेत बुलबुले ताल, माया मै सानो हुनाले छुट्यो माया जाल’

तीसको दशकमा प्रेमदेव गिरीको शब्दमा कमला श्रेष्ठले स्वर भर्नुभएको रेडियो नेपालमा रेकर्ड भएको यो गीत कालान्तरमा सर्खेतको पहिचान बन्यो । यो एउटै गीतले सुर्खेतलाई एकै पटक देशभर चिनायो । मोबाइल, इन्टरनेट र सामाजिक सञ्जाल नहुँदा पनि रेडियोमार्फत सुर्खेत बुलबुले तालको नाम जनजनका मनमनमा पुगेको थियो ।

अहिले जस्तो यातायातको सुविधा र देशभित्रै भ्रमणको संस्कारको विकास नभइसकेको अवस्थामा सुर्खेत आएर बुलबुले तालबारे जानकारी दिने अवस्था पनि थिएन । तर रेडियो नेपालमा बारम्बार गुञ्जिरहने हुँदा गीतको भाका र शब्द अधिकांशको जिब्रोमा झुण्डिएको थियो । एउटा गीतमा कोरिएको सामान्य शब्द र त्यसमा मिसिएको लयमात्रै पनि सन्देश प्रवाहका लागि कति महत्वपूर्ण हुन्छ उदाहरण यो गीत बनेको थियो । यो गीतले सुर्खेत र बुलबुलेताललाई विश्वभर चिनायो भन्दा अत्युक्ति हुँदैन होला । त्यसैले त अहिले सुर्खेत पुग्ने जो कोहीको ‘बकेट लिस्ट’मा बुलबुले ताल सुरुको नम्बरमा हुन्छ ।

करिब ५० वर्षअघि रेकर्ड भएको त्यो गीतपछि बुलबुले ताललाई लिएर कैयौं गीत बने । विसं २०६२ मा चलचित्र बन्धकीको एउटा गीत यहीं छायांकन गरियो । तर त्यसयताका वर्षमा संरक्षण नहुँदा अस्तित्व गुमाउने अवस्थामा पुगेको बुलबुले उद्यानले पछिल्लो समय तालमा मोटरबोट सञ्चालनमा भएपछि यसले पुनःजीवन पाएको छ ।

विसं २०२९ सालमा राजा वीरेन्द्रको भ्रमणपछि बुलबुले तालको विशेष संरक्षण सुरु गरिएको थियो । सुर्खेतको प्रमुख पर्यटकीय गन्तव्यमा पर्ने यो क्षेत्र मानिसका लागि प्रकृतिमा रमाउने गन्तव्यमात्रै नभइ चराचुरुंगीको बासस्थान पनि हो । अझै पनि मानिसहरु नुहाउन र कपडा धुनका लागि बुलबुले गर्दै जमिन मुनीबाट आउने पानीमै निर्भर छन् ।

वीरेन्द्रनगरपालिकाका प्रमुख मोहनमाया ढकाल (भण्डारी)का अनुसार बुलबुले तालमा मोटरबोट सुरु भएपछि यहाँको पर्यटकीय विकास मात्रै भएको छैन, यसले यहाँको आर्थिक गतिविधि पनि चलायमान बनाएको छ । “बुलबुले ताल यहाँको पहिचान हो, सुर्खेत नआउनेहरुले पनि बुलबुले ताल सुनेका छन्, त्यसैले यहाँ आउने जो कोही पनि एकपटक बुलबुले ताल पुग्छन्”, उहाँले भन्नुभयो ।

बुलबुले तालमा मोटरबोट चल्न थालेपछि नगरपालिकाको आम्दानी मात्रै बढेको छैन, बुलबुले तालमा आश्रित भइ आम्दानी गर्नेहरुको संख्या पनि बढेको छ । नगरप्रमुख ढकालका अनुसार विगतका वर्षमा बुलबुले ताल परिसरबाट मुस्किलले रु २५ लाख राजस्व संकलन गर्ने गरेकामा अहिले त्यो झण्डै एक करोडको हाराहारीमा पुगेको छ ।

“पहिलो बुलबुले ताल परिसरमा जानेहरुसँग टिकट बिक्रीबाट मात्रै राजस्व सङ्कलन हुन्थ्यो भने अहिले मोटरबोटबाट वार्षिक रु १३ लाख, फोटो खिच्नेहरुबाट बोलकबोल प्रक्रियामार्फत वार्षिक रु १२ लाख आम्दानी भइरहेको छ”, उहाँले भन्नुभयो, “त्यसबाहेक मोटरबोट सञ्चालनमा आएकै कारण त्यहाँ जानेहरु बढेका छन्, यसबाट कैयौं युवाहरुका लागि रोजगारी पनि सृजना भएको छ ।” मोटरबोट सञ्चालनमा आएपछि तस्बिर खिच्नकै लागि १० देखि १५ जना युवाहरु क्यामरा बोकेर दिनभरी बुलबुले परिसरमै बस्छन्, उनीहरुका ग्राहक बुलबुले आउने पर्यटक बनेका छन् । जसबाट उनीहरुले राम्रो आम्दानी गरिरहेका छन् ।

नगरप्रमुख ढकालका अनुसार सुर्खेतमा अध्ययन गरिरहेका करिब ८० हजार विद्यार्थी, यहाँ आउने पर्यटक तथा स्थानीयका लागि बुलबुले पहिलो रोजाइको गन्तव्य बन्दै गएको छ । बुलबुले ताल हेर्न आउनेहरु एतिहासिक काक्रेविहार, लाटिकोइली देउती बज्यैलगायतका धार्मिक तथा पर्यटकीय गन्तव्य पनि चलायमान भएका छन् । यहाँका मानिसका लागि पहिले समय बिताउनका लागि कुनै प्राकृतिक वातावरणका लागि काक्रेबिहारसम्म पुग्नुपर्ने अवस्थामा अहिले बुलबुले उद्यानमा घण्टौ बिताउन मिल्ने अवस्था बनेको छ ।

जमिन मुनीबाट बुलबुले गर्दै पानी आउने भएकाले यसको नाम बुलबुले ताल रहनगएको यहाँका जानकार बताउँछन् । मानिसहरु यही पानीमा नुहाउन र कपडा धुन थाले । पानी जम्मा हुँदै गएपछि नजिकै पोखरी बन्यो । मानिसहरु यही पोखरी हेर्न आउन थालेपछि भने फोहोर पनि बढ्दै गयो । संरक्षणको अभावमा पोखरीमा पानीभन्दा बढी फोहोर थुप्रियो । झारहरु पलाए भने पोखरीको अस्तित्व नै मेटिने अवस्थामा पुग्यो । सरकारी स्तरबाट पटक संरक्षणको प्रयास भए पनि यसले पुनःजीवन पाउन सकेन ।

नगरप्रमुख ढकाल बुलबुले उद्यानलाई संरक्षण गर्दै यसको विकासमा काम गर्न लागिएको बताउनुहुन्छ । अहिले नुहाउने र कपडा धुने ठाउँलाई अन्यत्रै सार्ने योजना बनाइएको छ भने नजिकै पिकनिक स्थल पनि बनाइनेछ । यसले यहाँको पर्यटन विकासमा ठूलो टेवा पुग्ने उहाँको विश्वास छ ।

संरक्षणको अभावमा अस्तित्व नै संकटमा परिसकेको अवस्थामा बोटेबोरा कम्पनीका सञ्चालक बीबी ढकालले यहाँ मोटरबोट सञ्चालन गर्ने योजना बनाउनुभएको थियो । त्यसअघि नारायणी नदी, नेपालगञ्जलगायतका स्थानमा मोटरबोट सञ्चालन गरिसकेको अनुभवी ढकालले बुलबुले ताललाई संरक्षण गर्दै मोटरबोट सञ्चालनको योजना बनाउनुभएको थियो । उहाँले यसका लागि त्यहाँ जनप्रतिनिधि र सरोकारवालासँग कुराकानी गर्नुभयो । उहाँहरुबाट सकारात्मक जवाफ प्राप्त भएपछि मात्रै ढकालले ताल सफा गर्नतर्फ लागेका थिए ।

“सुरुमा डोजरको प्रयोग गरी सफा गर्ने प्रयास भयो, तर काम लागेन, कैयौं पटक प्रयास गर्दा पनि पोखरी सफा गर्ने अवस्था बनेन”, उहाँले सुरुआती दिन सम्झँदै भन्नुभयो, “केही सीप नलागेपछि म आफै पोखरीभित्र पसेर फोहोर बाहिर निकाल्न थाले, त्यसपछि पोखरी सफा गर्ने आइडियो फुऱ्यो ।” तालमाा भएको फोहोर निकालेपछि पानीको सतह घट्न थाल्यो, त्यसैले अहिले पानी कम हुँदा मोटरबोट सञ्चालनमा केही समस्या भने भएको उहाँको भनाइ छ ।

सञ्चालक ढकालका अनुसार लामो समय ‘डेड लेक’ का रुपमा रहेको यो ताल अहिले ‘भाइब्रेन्ट’ भएको छ । यसले यहाँको पर्यटकीय र आर्थिक गतिविधि चलायमान बनाएको छ । “सहर नजिकै भएर पनि होला, मानिसहरुका लागि यो रिफ्रेस हुनका लागि उपयुक्त गन्तव्य बनेको छ, अहिले हरेक दिन घुम्न, रमाउन, तस्बिर लिन, व्यापार गर्न तथा अध्ययन गर्नका लागि आउनेको संख्या बाक्लो हुँदै गएको छ”, ढकालले भन्नुभयो ।

अध्यक्ष ढकालका अनुसार ताल फोहोर र जलकुम्भीले भरिएको थियो । “ताल सफा गर्नका लागि एक हजार ८६० जना व्यक्तिको श्रम खर्च भएको छ, अहिले सरर मोटरबोट चलिरहेको ताल देखिए पनि त्यो बेला यस्तो हुन्छ भन्ने कल्पना नै थिएन, हामी सुरुआती समयमा अनिश्चिततामा लगानी गरिरहेका थियौं”, ढकालले भन्नुभयो ।

बोटेबोरा कम्पनीले आफ्नै लगानीमा सरसफाइ गरी मोटरबोट सेवा सञ्चालनमा ल्याएको हो । कम्पनीले बुलबुले तालमा मोटरबोट सञ्चालन गरेबापत वीरेन्द्रनगर नगरपालिकालाई वार्षिक रु १३ लाख बुझाउने सम्झौता गरेको छ । तालमा अहिले नेपालकै पहिलो र ठूलो मोटरबोट उत्पादक नेपाल सिप एन्ड बोट बिल्डिङ कम्पनीले निर्माण गरेको ११ सिटे दुई वटा फिस्टेल ब्रान्डका मोटरबोटमार्फत सेवा दिइरहेको छ ।

नगरपालिकाले बुलबुले तालमा मोटरबोट सञ्चालनका लागि बोलपत्र आह्वान गरेको थियो । जसमा ढकालको कम्पनी छनोट सूचीमा दोस्रो नम्बरमा थियो । पहिलो नम्बरको कम्पनीले आवश्यक कागजपत्र बुझाउन नसकेको र मोटरबोट सञ्चालनको अनुभव पनि नभएपछि बोटेबोराले अनुमति पाएको ढकालको भनाइ छ । सुर्खेत उपत्यका नगर विकास समितिका सदस्य तथा बुलबुले ताल संरक्षण उपसमितिका संयोजक नवराज गुरुङले बुलबुले ताल सफाइ गरी मोटबोट सुरु भएपछि मानिसहरुका लागि गन्तव्य बन्दै गएको बताउनुभयो ।

“सुर्खेतको जनसङ्ख्या र बाहिरबाट आउनेहरुको संख्या बढ्दै जाँदा यहाँको जनघनत्व बढ्दो छ, मानिसहरुलाई दिनभरी काम गरेर रमाउने ठाउँको कमी बुलबुले तालले पूरा गरेको छ”, उहाँले भन्नुभयो, “पहिले ताल सफा नहुँदा निकै कम मानिसहरु मात्रै त्यहाँ जान्थे भने अहिले दैनिक हजारौं व्यक्ति त्यहाँ जान थालेका छन्, एक प्रकारले भन्दा बुलबुले तालमा मोटरबोट सुरु भएपछि यहाँको स्वरुप नै फेरिएको छ ।”

मोटरबोट सुरु भएपछि स्थानीय मात्रै होइन बाहिरबाट आउने पर्यटकको संख्या पनि ह्वात्तै बढेको उहाँको बुझाइ छ । उहाँका अनुसार कर्णालीको गेटवे मात्रै नभइ प्रदेश राजधानी पनि भएकाले यहाँ मानिसहरुको चहलपहल भइरहन्छ, उनीहरुका लागि बुलबुले ताल जस्ता पर्यटकीय गन्तव्यले बसाइ लम्ब्याउन र एक पटक भए पनि त्यहाँ गएर तालमा बोटिङ गर्न आकर्षित गरिरहेको छ ।

“विगतमा पनि ताल संरक्षणका लागि प्रयास नभएका होइनन्, सरकारको लगानीमा सानो ताललाई विस्तार गर्ने काम पनि भयो तर त्यसले पूर्णता पाएन, विस्तार राम्रो नभएपछि फूटबल मैदान जस्तो भयो, सामाजिक सञ्जालमा पनि ताल हो कि फूटबल मैदान हो भन्दै व्यंग पनि गर्ने काम भयो”, उहाँले भन्नुभयो, “नयाँ सरकार आएपछि यसलाई जसरी पनि तालकै रुपमा संरक्षण गर्नुपर्छ भन्ने उद्देश्यले काम भयो, नगरप्रमुखले पनि राम्रो साथ दिनुभयो ।”रासस

# गड्डाचौकी-अत्तरिया सडकखण्ड स्तरोन्नतिले विकासमा नयाँ आयाम थपिने विश्वास



कञ्चनपुर । पूर्व पश्चिम राजमार्गको गड्डाचौकी-अत्तरिया सडकखण्डको स्तरोन्नतिको विकासमा नयाँ आयाम थपिने विश्वास गरिएको छ ।

आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यमा चार लेनको सडक स्तरोन्नीका लागि रु २१ अर्ब १९ करोड बजेट विनियोजन भएपछि सडक पूर्वाधार निर्माणले फड्को मार्ने विश्वास गरिएको छ । ‘एसियन हाइवे स्टयाण्डर्ड’ को सडक बन्ने भएपछि यसले सुदूरपश्चिमको विकासमा टेवा पुऱ्याउने भएको छ । बजेटअनुसार आधुनिक तरिकाले सडक पूर्वाधारका कार्य हुने भएका छन् ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी इञ्जिनियर हरिशप्रसाद जोशीले गड्डाचौकीदेखि अत्तरियासम्मको ४९ किलोमिटर सडक बजेट सुनिश्चित गरिएपछि आउँदो आवदेखि स्तरोन्नतिको कार्य हुने बताउनुभयो । उहाँले सडक विभागअन्तर्गतको विकास सहायता कार्यान्वयन महाशाखाले सडक स्तरोन्नतिका लागि अलग्गै कार्यालय खोलेर कार्य अगाडि बढाउने बताउनुभयो । शाखाले देशमा ठूला सडक, पुल निर्माण र मर्मतसम्भार कार्य गर्ने गर्दछ ।

“ठूलो बहुवर्षीय आयोजना भएकाले अलग्गै कार्यालय खोलेर सडक स्तरोन्नतिको कार्य आगामी आवदेखि सुरू गरिन्छ”, उहाँले भन्नुभयो, “सडक स्तरोन्नतिको कार्य सुरू गर्नुअघि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर), वातावरण प्रभाव मूल्याङ्कन (आइइ), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) लगायतका कार्य पूरा भएपछि मात्रै ठेक्का प्रक्रियामा जान्छ, आयोजनाको कार्यको गुणस्तरका लागि परामर्शदाता नियुक्तिको कार्य हुन्छ, त्यस पछि मात्रै निर्माण कार्य सुरू हुन्छ ।”

चार लेनको गुणस्तरयुक्त सडक ‘अस्फाल्ट कङ्क्रिट’ प्रविधिको हुने उहाँले बताउनुभयो । आयोजना पूरा हुनका लागि तीन वर्षदेखि पाँच वर्षसम्मको समयावधि लाग्ने उहाँले बताउनुभयो । वर्षौंदेखि थाँति रहेको सडक स्तरोन्नतिको कार्य हुने भएपछि यस क्षेत्रका व्यापारी, बुद्धिजीवी, जनप्रतिनिधिले खुसी व्यक्त गरेका छन् ।

राजनीतिक तथा सामाजिक अगुवा लालबहादुर सिंहले सडक स्तरोन्नतिको कार्य भएपछि सुदूरपश्चिम क्षेत्रले विकासमा फड्को मार्ने बताउनुभयो । “सुक्खा बन्दरगाह निर्माणाधीन अवस्थामा रहेको छ, त्यो बनेपछि ठूला ढुवानीका साधन चल्छन्, अहिलेको सडक साँघुरो छ”, उहाँले भन्नुभयो, “फराकिलो सडकको आवश्यकता थियो, बजेटमा सम्बोधन भएको छ, सकारात्मक छ ।”

दुरदृष्टि राखेर सडक निर्माणको कार्य हुनुपर्नेमा जोड दिँदै उहाँले बजेट कार्यान्वयको पक्ष कस्तो रहन्छ, त्यसमा भरपर्ने बताउनुभयो । “कागजी खोष्टका रूपमा आयोजना रहनु हुनुहुँदैन, आयोजनाको कार्य यथाशीघ्र सञ्चालन हुनुपर्छ”, उहाँले भन्नुभयो । तत्कालीन झलारी गाविसका अध्यक्ष टेकबहादुर हमाल सडक आयोजाका लागि बजेट छुट्याउने कार्यलाई सकारात्मक रूपमा लिनुहुन्छ ।

“अहिलेको सडकमा सवारीसाधनको चाप अधिक छ”, उहाँले भन्नुभयो, “सवारीसाधनको चाप धान्ने सडक नहुँदा दुर्घटनाका घटना बढ्दै आएका छन्, ट्राफिकको त्यस्तै अवस्था छ, सडक स्तरोन्नतिको कार्यले भएपछि समस्या समाधान हुन्छ ।”

सडक डिजाइन गर्दा पुरानै सवारी चापलाई मध्यनजर गरी बनाइएको उल्लेख गर्नुहुँदै उहाँले अहिलेको बढ्दो सवारी चाप सडकले धान्ने अवस्था नरहेको बताउनुभयो । शुक्लाफाँटा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक रमेशबहादुर ऐर गड्डाचौकी-अत्तरिया सडकखण्ड भारतको सिमानासम्म जोड्ने सडक भएकाले नेपाल-भारतबीचको व्यापार, पर्यटन जनसांस्कृतिक आदानप्रदानमा महत्त्वपूर्ण भूमिका खेल्ने सडकका रूपमा रहेको बताउनुभयो ।

“यस सडकखण्डको अत्तरिया सुदूरपश्चिमको प्रमुख यातायात जक्सनका रूपमा रहेको छ”, उहाँले भन्नुभयो, “यहाँबाट कैलाली, कञ्चनपुरसहित पहाडी जिल्लामा जाने सडक छुट्टिने गर्दछन्, पूर्व-पश्चिम राजमार्ग र भीमदत्त राजमार्गको सङ्गम विन्दुका रुपमा रहेको छ । सडकको स्तरोन्नतिको कार्य पहिलेनै हुनुपर्दथ्यो, ढिलो भए पनि बजेटमा समावेश गरिएको छ, कार्यान्वयन पक्षलाई सवल बनाएर कार्य अगाडि बढाउनुपर्छ ।” झलारी बजारका मोडर्न इन्टरप्राइजेजका प्रतिष्ठित व्यवसायी मदनराज भट्ट पूर्वपश्चिम राजमार्ग देशकै ‘लाइफलाइन’का रुपमा रहेको बताउनुहुन्छ ।

“पूर्वपश्चिम राजमार्गको गड्डाचौकी अत्तरिया सडकखण्डले सुदूरपश्चिमको तराईका मुख्य सहर अत्तरिया, धनगढी, महेन्द्रनगरलगायतलाई जोड्ने गर्दछ”, उहाँले भन्नुभयो, “स्तरोन्नतिको कार्यले सवारी चाप घटाउने हुन्छ, दुर्घटनाको जोखिम घटाउँछ, समयको बचत हुन्छ, आर्थिक, सामाजिक, सांस्कृतिक र क्षेत्रीय राष्ट्रिय विकासको आधार बन्न सक्छ ।”रासस

# सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैंडा ठूलो (नेपाली) प्रतिकिलो रु ५०, गोलभैंडा ठूलो (भारतीय) प्रतिकिलो रु ६०, गोलभैंडा सानो (लोकल) प्रतिकिलो रु ५५, गोलभैंडा सानो (टनेल) प्रतिकिलो रु ७०, गोलभैंडा सानो (भारतीय) प्रतिकिलो रु ५०, ७०, गोलभैंडा सानो (तराई) प्रतिकिलो रु ३०, आलु रातो प्रतिकिलो रु ४०, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, आलु रातो (मुडे) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३८, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, काउली (स्थानीय) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २०, भन्टा लाम्चो प्रतिकिलो रु ३०, भन्टा डल्लो प्रतिकिलो रु ३५, तनेबोडीको मूल्य प्रतिकिलो रु ७०, कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु १४०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ३०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ३०, राजमा मूल्य प्रतिकिलो रु १००, भटमास कोसा प्रतिकिलो रु १३०, तीतो करेला प्रतिकिलो रु ६०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ६५, परबर (तराई) प्रतिकिलो रु ६५, चिचिण्डो प्रतिकिलो रु ३०, घिरौला प्रतिकिलो रु ४०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ४५, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २५, भिण्डी प्रतिकिलो रु ३० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, पिँडालु प्रतिकिलो रु १२०, रायोसाग प्रतिकिलो रु ४०, पालुङ्गो साग प्रतिकिलो रु ५०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकिलो रु ३०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ५०, च्याउ (कन्य) प्रतिकिलो रु १५०, च्याउ (डल्ले) प्रतिकिलो रु २८०, कुरिलो प्रतिकिलो रु ४००, निगुरो प्रतिकिलो रु ३० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ६०, चुकुन्दर प्रतिकिलो रु ६५, सजीवन प्रतिकिलो रु ११०, रातो बन्दा प्रतिकिलो रु ७०, जिरीको साग प्रतिकिलो रु ७०, ग्याठकोभी प्रतिकेजी रु ५५, सेलरी प्रतिकिलो रु १८०, पार्सले प्रतिकिलो रु ४००, सौफको साग प्रतिकिलो रु १००, पुदिना प्रतिकिलो रु ९०, गान्टेमूला प्रतिकिलो रु ४०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १४० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।रासस

# प्रदेश सरकारले कमला पुल बनाउने



**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले सार्वजनिक गरेको आगामीआर्थिकवर्ष२०८२/०८३ को बजेटमा कमला नदीको नयाँ पुल समावेश नभएपछि मधेश प्रदेश सरकारले निर्माणको जिम्मा लिने घोषणा गरेको छ ।

जनकपुरधाममा शुक्रबार मुख्यमन्त्री सतीश कुमार सिंहसंग नयाँ कमला पुल निर्माण संघर्ष समितिका संयोजक प्रबिन मोरबैता र सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजीत यादवले भेट गरी पुलको आवश्यकताबारे ध्यानाकर्षण गराएका हुन् ।

भेटघाटका क्रममा उनीहरूले संघीय सरकारले नजरअन्दाज गरेकाले अब प्रदेश सरकारले नै अग्रसरता लिनुपर्ने माग गरेका थिए । जवाफमा मुख्यमन्त्री सिंहले संघीय बजेटको 'रातो किताब' अध्ययनपछि प्रदेश सरकारले आवश्यक कदम चाल्ने बताए ।'संघीय बजेटमा यो योजना परेको देखिँदैन भने हामी आफैँले प्रदेशबाट बजेट छुट्याएर निर्माणको जिम्मा लिन्छौं,' मुख्यमन्त्री सिंहले भने, 'तपाईंहरू ढुक्क हुनुस्, यो पुल बनाउने जिम्मा अब प्रदेश सरकारले लिन्छ ।'

कमला नदीमा पक्की पुलको माग स्थानीयवासीहरूले दशकौंदेखि गर्दै आएका छन् । तर, अझै पनि अस्थायी काठे पुलमा भर पर्नुपर्ने अवस्था छ । यसका कारण वर्षायाममा यातायात र जनजीवनमा गम्भीर असर पार्ने गरेको छ ।

# मधेशमा जलवायु संकटको दीर्घकालीन समाधानका लागि 'रेन परियोजना' कार्यान्वयन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न केन्द्रित 'रेन परियोजना' आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने भएको छ । शुक्रबार जनकपुरधाममा आयोजित एक उच्चस्तरीय छलफल कार्यक्रममा परियोजनाबारे विस्तृत जानकारी दिइएको हो ।

परियोजना 'रेनः लचिलोपन, अनुकूलन र समावेशीतामा रूपान्तमक प्रभावका लागि नेपालमा समुदाय नेतृत्वमा आधारित समग्र पहल' शीर्षकमा सञ्चालित हुनेछ ।

सन् २०२५ देखि २०३० (वि.सं. २०८२-२०८७) सम्म सञ्चालन हुने यो पाँचवर्षे परियोजना मधेश प्रदेशका पाँच जिल्लाका १४ पालिकामा सञ्चालन हुनेछ । संयुक्त अधिराज्य सरकारको आर्थिक सहयोगमा पिपुल इन निड र डेनचर्च एड संस्थासँगको साझेदारीमा स्थानीय तहहरूसँग समन्वय गर्दै परियोजना कार्यान्वयन गरिनेछ ।

सो कार्यक्रममा सहभागी अधिकारीहरूका अनुसार सिरहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकालाई प्राथमिक चरणमा परियोजनामा समावेश गरिएको छ भने बाँकी पालिकाहरूको नाम चाँडै सार्वजनिक गरिनेछ ।



जनकपुरधाममा आयोजित कार्यक्रममा मुख्यमन्त्री सतीश कुमार सिंह र रेन परियोजनाका वरिष्ठ अनुकूलन अधिकृत सन्तोष कुमार मोरबैता यादवबीच परियोजनाको उद्देश्य, रणनीति र कार्यान्वयन प्रक्रियाबारे गहन छलफल भएको छ ।

सो छलफलमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साह, वन निर्देशनालय मधेश प्रदेशका निर्देशक जगरनाथ जसवाल, समृद्धिका लागि वन परियोजनाका प्रमुख सुजित कुमार झा, मुख्यमन्त्रीका सल्लाहकार सञ्जय यादव लगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनको प्रतिकूल असरले मधेशलाई बढी प्रभावित बनाएको उल्लेख गर्दै यस परियोजनाले वातावरणीय लचिलोपन र सामुदायिक पुनर्निर्माण क्षमतामा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गरे । 'प्रदेश सरकारले नीतिगत, प्रशासनिक र प्राविधिक तहमार्फत पूर्ण सहयोग गर्नेछ,' उनले प्रतिवद्धता जनाए ।

परियोजनाका वरिष्ठ अनुकूलन अधिकृत यादवले परियोजनाले केवल भौतिक संरचना निर्माणमा मात्र नभइ सामाजिक समावेशिता, लैंगिक समानता र स्थानीय नेतृत्वको सशक्तीकरणमा पनि जोड दिने बताए । उनले भने, 'हामी जलवायु परिवर्तनविरुद्धको लडाइँमा जनताको सशक्तीकरण र सामुदायिक प्रतिरोध निर्माण गर्न चाहन्छौं ।'

परियोजनाले जलवायु जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनःस्थापना योजना, वातावरण-मैत्री समाधान तथा सुरक्षित र समावेशी आवास प्रणालीको विकासमा योगदान दिने बताइएको छ ।

# सात प्रकारका ढुंगे हतियार संकलन

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको पाटुमा मानव सभ्यताको हजारौं वर्ष पुराना ढुङ्गे हथियार फेला पर्न थालेको छ । यो शिवालिक क्षेत्रमा पर्ने रातु सभ्यताअर्न्तगतको एरिया हो । यी भेगमा पाइलैपिच्छे फेला पर्दै गएका पाषाणकालीन हतियारले पुरातत्व विभागका अन्वेषणकर्तालाई ध्यानाकर्षण गराएको छ ।

उनीहरुका अनुसार मानव विज्ञान (एन्थ्रोपोलोजी) र पुरातात्विक दृष्टिले पाटु सभ्यता रहस्य र रोमाञ्चले भरिएको छ । यस भेगमा छरपष्ट ढुंगे औजारले यहाँको भूगर्भमा पाषाणकालीन युगको मानव सभ्यता झल्कने हतियारको विशाल भण्डार रहेको अनवेष्णकर्ताहरुको अनुमान छ ।

जर्मन अनुसन्धानकर्ता डा. गर्डुन कार्भिन्सले ४० वर्षअघि सन १९८५ मा शिवालिक क्षेत्रको रातु सभ्यताबारे गरेको अध्ययन अनुसन्धानको प्रमाणिकतालाई विश्वले स्वीकार गरिसकेको छ। कार्भिन्सको अन्वेषणले उजागर गरेका तथ्यको आधारमा बर्दिबास नगरपालिका र पुरातत्व विभागबीचको सहकार्यमा विशेषज्ञ टोलीले साता दिनदेखि अध्ययन सुरु गरेपछि ढुङ्गे युगका थप रहस्य उजागर हुन थालेका छन् ।

अध्ययन टोलीमा संलग्न पुरातत्व शाखा प्रमुख भाष्कर ज्ञवाली तथा भारतको आसामस्थित कटन विश्वविद्यालय पुरातत्व विभागका विज्ञ प्रोफेसर मंजिल हजारिकाले अध्ययन गरिएका करिब १० वर्ग किलोमिटर क्षेत्रमा अहिलेसम्म मानवले प्रयोगमा ल्याएका सात प्रकारका हतियार संग्रह गरिएको बताए । संकलित हतियार कठोर प्रजातीका 'क्वाटजाइट' पत्थरबाट बनेको उनले बताए ।



संकलन गरिएका हतियारमा सिकार काटने र तिनका हड्डी फोडने 'युनिफेसियल चोपर्स', मासु टुक्रा पार्ने 'नाइभस', पशुको छाला ताछ्ने 'स्क्रापरस', काठ र बाँस काटने हतियार 'एडजेस', माटोमुनिका कन्दमूल लगायतका आहार खोस्निने ' पोइन्टस', चुलेसीको काम लिने हतियार 'नोच' जस्ता हतियार संकलन गरिएको जानकारी दिए ।

संकलन गरिएकामध्ये 'सुमात्रालिथ' हतियार भने इन्डोनेसियाको जावा सुमात्रामा पाइएको प्राचीन हतियारसँग मिल्दो जुल्दो रेहेको प्रोफेसर हजारिकाले दावी गरे ।

संकलन गरिएका हतियार १० हजारदेखि ८ हजार ईसा पूर्व मध्य पाषाण मेसोलिथिक युगको भएको उनको भनाइ छ । प्रो हजारिकाले भने 'संकलित हतियार अनुमानित सात हजार वर्ष पुरानो हुनुपर्छ । अध्ययन गर्दै जाँदा अझ पुरानो पनि हुनसक्छ । यी हतियार ढुंगे युगको मानव सभ्यता झल्कने दुर्लभ एवं प्रमाणिक आधार हुन् ।'

ढुंगे हतियार बर्दिवास- ३ स्थित रातुखोला पश्चिम, भवसी खोला पूर्व, राइमण्डल डाँडा उत्तर र गौरीडाँडा आसपासदेखि उत्तरमा रहेको करिब १० वर्ग किलोमिटर क्षेत्रबाट संग्रह गरिएको अध्ययन टोलीको नेतृत्व गरिरहेका पुरातत्व विभाग प्रमुख ज्ञवालीले बताए ।

ज्ञवालीले भने, 'अहिलेसम्म यी क्षेत्रका १८ ठाउँबाट १० बोराजति नमुनाको रुपमा प्राचीन हतियार संकलन गरिसकेका छौं । अझै दुई ठाँउको अध्ययन बाँकी छ ।'

पहिलोपटक यस भेगमा आउनु भएका प्रो हजारिकाका लागि त यो क्षेत्र नै बहुमूल्य प्राचीन सभ्यताको धरोहर हो । आफूले विगत १५ वर्षको अवधिमा भारतदेखि अफ्रिका र युरोपका क्षेत्रमा पुगेर पुरातात्विक अध्ययन गरे पनि एउटै थलोबाट पाषण युगका हतियारको यति ठूलो भण्डार र विविधता यसअघि फेला नपारेको अनुभव सुनाए ।

२० वटै साइटको अन्वेषण सकिएपछि संकलित हतियारलाई प्रशोधन, वर्गीकरण, नक्सांकन र फोटोग्राफीलगायतका प्रकृया पुरा गरेर यसै वर्षको अन्त्यसम्ममा बर्दिबास नगरपालिका र पुरातत्त्व विभागलाई प्रतिवेदन बुझाइने ज्ञवालीले बताए ।

प्रचीन हतियार क्षेत्रलाई होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशले पनि चासोका साथ हेरेको छ। महासंघ अध्यक्ष हिरालाल गौतमले भने, 'जीवनको खोजमा घुमन्ते जीवन बिताइरहेका आदि मानव बर्दिबास क्षेत्रमा कसरी आइपुगे अर्को अध्ययन विषय हुन सक्ला । तर सभ्यताको विकाश र आधुनिक मानवको उद्भवमा यहाँका आदिम हतियारले विश्वको ध्यान खिच्न सक्ने भएकोले पर्यटन प्रवर्द्धनको उद्देश्यले पनि यो क्षेत्र महत्वपूर्ण छ ।'

# 'जनतालाई राजा बनाउने व्यवस्थातर्फ बढ्ने हो'



**टुडे समाचारदाता**


जनकपुरधाम । आम जनता पार्टीका अध्यक्ष प्रभु साहले एक राजा फालेर आएको अनेकन राजा जनताका लागि घातक सावित भएको बताएका छन् ।

जनकपुरधाममा शनिबार आजपाद्वारा आयोजित ' वर्तमान व्यवस्था दलतन्त्र हो कि गणतन्त्र' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका नेता साहले जनता राजा बन्नुपर्ने व्यवस्थाका पक्षमा आफूहरु लागेको बताए ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका अध्यक्ष साहले तीनवटा बाटो छ, एक शाही राजा पुनः ल्याउने, दोस्रो अहिलेका दलका राजाहरुलाई यसरी नै झेल्ने र तेस्रो तथा हाम्रो अभियान जनतालाई राजा बनाउने भने । उनले अघि थप्दैं भने, 'मधेशका जनतालाई बन, नदी, बालुवा, गिट्टी कुनै पनि स्रोतमा अधिकार दिइएको छैन, सबै तिनै दलका मतियारहरु ठेक्का लिएर खाने गरेका छन् र हिस्सा तिनलाई पनि पठाउने गरेका छन् ।'

अध्यक्ष साहले नारायणहिटी जस्तै सिंहदरबार पनि छोडन अहिलेका राजाहरुलाई चेतावनी दिइसकिएको बताउदै सिंहदरबारबाट लखेटने परिस्थितिको श्रृजना हुन सक्ने बताए । एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलगायतकासंग राजनीतिक टक्कर लिएर पनि आफू जितेर यहाँसम्म आएको बताउँदै अध्यक्ष साहले गर्नेलाई जनताले विश्वास गर्नुपर्ने बताए ।

# पेट्रोलमा दुई र डिजेल/मट्टितेलमा एक रुपैयाँ बढ्यो



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ भने हवाई इन्धनको मूल्य घटाएको छ।निगमले शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर १ रुपैयाँले मूल्यवृद्धि गरेको हो। निगमका अनुसार, भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त नयाँ खरिद मूल्यसूचीअनुसार प्रतिलिटर पेट्रोलमा २ रुपैयाँ ११ पैसा र डिजेलमा १ रुपैयाँ ०९ पैसाले बढेर आएको छ ।

नयाँ मूल्यअनुसार अब काठमाण्डु, पोखरा र दिपायल (तेस्रो वर्ग) मा पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर १५९ रुपैयाँ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर १४३ रुपैयाँ पुगेको छ।यसैगरी, निगमले हवाई इन्धनको मूल्य भने घटाएको छ। आन्तरिकतर्फ प्रतिलिटर ३ रुपैयाँले घटेर नयाँ बिक्री मूल्य ११८ रुपैयाँ कायम भएको छ।खाना पकाउने एलपी ग्यासको खुद्रा बिक्री मूल्य भने यथावत् राखिएको छ ।

# एकैदिन १५० किलो गाँजा बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको दुई स्थानबाट करिब १५० किलो गाँजा बरामद प्रहरीले गरेको छ । जिल्लाको रामगोपालपुर नगरपालिका-५ र बर्दिवास-जलेश्वर सडक खण्ड एवं बर्दिवास नगरपालिका-५ स्थित माइस्थानबाट क्रमशः १०९.९ किलो र ४० किलो गाँजासहित दुईजनालाई प्रहरी पक्राउ गरेको महोत्तरी प्रहरीले जनाएको छ ।

शुक्रबार साँझ जलेश्वर सडक खण्डको रामगोपालपुर चोकबाट दोलखा बैदेश्वरी गाउँपालिका-६ निवासी २६ वर्षीय दीपक दाहालले चलाएको बिएसी ८७३९ नम्बरको कारबाट १०९.९ किलो र शुक्रबार राति नै माईस्थान-गौशाला सडक खण्डबाट बा०१-०३० च ७८०५ नम्बर को सेतो इभीबाट आठ पोकामा रहेको ४० किलो गाँजासहित बर्दिवास नगरपालिका-११ का ३१ वर्षीय रंगलाल स्याङ्तानलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी शैलेन्द्रकुमार भट्टले रामगोपालपुरबाट नियन्त्रणमा लिएको लागूऔषध गाँजा जिल्ला प्रहरी कार्यालय महोत्तरी र इलाका प्रहरी कार्यालय रामगोपालपुरको संयुक्त टोलीले विशेष सूचनाको आधारमा नियन्त्रणमा लिएको जानकारी दिए । बर्दिवास गौशाला सडक खण्डमा बरामद गाँजा लागूऔषध नियन्त्रण ब्यूरो बर्दिवास र इलाका प्रहरी कार्यालय बर्दिवासको संयुक्त टोलीले नियन्त्रणमा लिएको बताए ।

उनले बुधबार पनि प्रहरीले २० किलो गाँजा नियन्त्रणमा लिएको बताए । तस्कर तथा गाँजा व्यापारीहरू विभिन्न ठाउँबाट ल्याएको गाँजा नेपाल-भारत सीमानजिक पुऱ्याउने र पछि सोही भरियाहरूको माध्यमले सीमापारि पुऱ्याउने गरेको छ । महोत्तरीको खयरमारा क्षेत्रमा केही महिना पूर्वडिभिजन वन कार्यालयको नेतृत्वमा भएको अपरेसनमा खयरमाराको विभिन्न स्थानमा लगाइएको गाँजा फँडानी गरिएको थियो ।





| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८